म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १३, अंक १७१ मंगलबार १६ माघ २०८० ने. सं. ११४४ पोहेलागा 30 January 2024 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## टिपरको ठक्करबाट श्रीमानको मृत्यु, श्रीमती घाइते

हेटौंडा, १५ माघ/हेटौंडा उपमहानगरपालिका-१७ गैरीगाउँमा टिपरको ठक्करबाट एक युवकको ज्यान गएको छ । हेटौंडा उपमहानगर पालिका-१७ गैरीगाउँमा टिपरको ठक्करबाट मकवानपुरगढी धमिले घरभई हेटौंडा-१७ दाविले बस्ने २५ बर्षीय हरि पनेरुको मृत्यु भएको मकवानपुर प्रहरीले जनाएको छ । सोमबार साँझ चौघडाबाट मकवानपुरगढीतर्फ जादैं गरेको मधेश प्रदेश ०३-००१ ख ७९०३ नम्बरको टिपरले विपरित दिशाबाट आउँदै गरेको ना २६ प ४४२५ नम्बरको मोटरसाइकललाई कान्तिलोकपथ सडकखण्ड अन्तर्गत गैरीगाउँमा ठक्कर दिएको थियो । टिपरको ठक्करबाट मोटरसाइकल चालक पनेरुको घटनास्थलमै मृत्यु भएको हो । प्रहरीका अनुसार दुर्घटनामा घाइते उनको श्रीमती २२ वर्षीय अर्चना ढकाल घाइते भएकोमा हेटौंडा अस्पतालमा उपचार भइरहेको प्रहरीले जनाएको छ । टिपर चालक हेटौंडा-१९ नेवारपानी बस्ने ३३ वर्षीय राधाकृष्ण रेग्मीलाई मकवानपुर प्रहरीले नियन्त्रण लिएको छ ।

# खोला र खानीमा एकलअधिकार खोज्दै मकवानपुरका स्थानीय तह

साझाकुरा संवाददाता

हेटौंडा, १५ माघ/ संविधानत नदीजन्यपदार्थ (खोला), खानी क्षेत्रको उत्खनन् र निकासी कर संकलनमा एकलअधिकार स्थानीय तहको रहेको भन्दै मकवानपुरका जनप्रतिनिधिले चासो देखाएका छन् ।

नदीजन्यपदार्थ र चुनढुंगा खानी स्थानीय तहको प्रमुख आन्तरिक आयस्रोत हो । तर, संविधानले दिएको एकलअधिकार बमोजिम उत्खनन् र निकासी कर संकलनमा राजश्व बाँडफाँड गरिरहनु परेको भन्दै मकवानपुरको स्थानीय तहका प्रमुख र उपप्रमुखहरु असन्तुष्ट बनेका छन् । जिल्लाका सबै पालिका प्रमुख र उपप्रमुखहरु केही समय अघि भेला बसेर नदीजन्यपदार्थ र खानी क्षेत्रको उत्खनन् र निकासी कर संकलनमा संविधानले दिएको एकलअधिकार प्राप्तिको संघर्षमा होमिने मनस्थिति बनाएका छन् ।

बकैया गाउँपालिका अध्यक्ष धर्मराज लामिछानेको अध्यक्षतामा केही समय पहिले भएको बैठकमा स्थानीय तहको एकलअधिकारको विषयमा संघ र प्रदेश सरकारले कानुनमार्फत हस्तक्षेप गरेको निश्कर्ष निकालिएको हो । बैठकमा भीमफेदी गाउँपालिकाले खोला र खानी क्षेत्रको उत्खनन् र निकासी कर संकलन सम्बन्धी प्रस्तुती गरेको थियो । जनप्रतिनिधिले संघ सरकार र बागमती प्रदेशबाट जारी भएको वातावरण संरक्षण ऐन बाझिएको भन्दै बागमती प्रदेश सरकारसँग संशोधन पनि मागेका छन् ।

स्थानीय सरकारले प्राकृतिक स्रोतमाथिको अधिकार प्रयोग गरी राजश्व आम्दानी गर्न समस्या भएको भन्दै समस्या सुल्झाउन जिल्लाका १० वटै पालिका प्रमुख तथा उपप्रमुखहरु सहमत देखिएका हुन् । उनीहरुले नदीजन्यपदार्थ उत्खनन् तथा बिक्री बितरण गर्ने कानूनी प्रक्रिया संविधानत कार्यान्वयन हुनुपर्नेमा जोड दिएका थिए ।

जिल्लाका १० वटै पालिकाले संवैधानिक व्यवस्थाअनुसार नदीजन्यपदार्थ र खानी क्षेत्रको उत्खनन् र निकासी कर शुल्क संकलन एकलअधिकार क्षेत्रभित्र पर्ने जिकिर गरेका छन् । नेपालको संविधानको धारा ५७ मा राज्य




शक्तिको बाँडफाँडको सन्दर्भमा उपधारा (४) अन्तर्गत स्थानीय तहको अधिकार अनुसूची (८) मा उल्लेखित विषयमा निहित रहने तथा संविधानको धारा २१९ मा स्थानीय तहको कार्यकारिणी सम्बन्धी अन्य व्यवस्था संविधानको अधीनमा रही संघीय कानून बमोजिम हुने व्यवस्थाले खोला र खानी स्थानीय तहको एकलअधिकार क्षेत्रभित्र रहेको स्थानीय तहहरुले दाबी गरेका छन् ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को को दफा ११ (२) मा नेपालको संविधान अन्तर्गत अनुसूची (८) मा राखिएको स्थानीय तहको एकल अधिकार सूचीको सर्वमान्यतालाई प्रतिकूल असर नपर्ने गरी गाउँपालिका/नगर पालिकाको विभिन्न काम कर्तव्य र अधिकार हुनेछ भन्ने व्यवस्थाअन्तर्गत ऐनको दफा ११ को उपदफा २(घ)६ मा ढुंगा, गिट्टी, बालुवा, माटो, काठ, दाउरा, जराजुरी, स्लेट, खरीढुंगा लगायतका प्राकृतिक एवम् खानीजन्य वस्तुको बिक्री निकासी शुल्क दस्तुर संकलनको अधिकार गाउँपालिका/ नगरपालिकाको हुने भनी स्पष्ट रुपमा उल्लेख गरिएको पालिका प्रमुखहरुको बैठकले जिकिर गरेको छ ।

संविधानको अनुसूची-९ मा रहेको संघ, प्रदेश र स्थानीय तहको साझा अधिकारको सूचीको सर्वमान्यतालाई प्रतिकूल असर नपर्ने गरी संघ वा प्रदेशको कानूनको अधीनमा रहेर अधिकारको प्रयोग गर्ने व्यवस्था सोही ऐनको दफा ११ को उपदफा ३ र ४ मा रहेकोले नदीजन्य तथा खानीजन्यपदार्थसम्बन्धी विषय साझा अधिकारको विषय हो भनी उल्लेख नभएको भीमफेदी गाउँपालिका अध्यक्ष हिमद लामाले बताए ।

स्थानीय सरकार सञ्चालन ऐनकै दफा ६४ अन्तर्गत राखिएको प्रदेश र गाउँपालिका वा नगर पालिकाको दोहोरो अधिकार क्षेत्रभित्रका कर निर्धारण र बाँडफाँटलाई संघीय आर्थिक ऐन, २०७५ ले खारेज गरिसकेकोले अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ५ अन्तर्गत रहेको प्रदेश र स्थानीय तह दुवैको अधिकार सूचीमा रहेका कर र सो को बाँडफाँटको व्यवस्थाअन्तर्गत ढुंग, गिट्टी, बालुवा नदीजन्य तथा खानीजन्य पदार्थको उत्खनन् निकासी शुल्क संकलनलाई प्रदेश र स्थानीय तहको साझा अधिकारको रुपमा समावेश नगरेको लामाको दाबी छ ।

संवैधानिक तथा कानूनी व्यवस्थाका कारण नदीजन्य तथा खानीजन्यपदार्थको बिक्री निकासी शुल्क संकलन स्थानीय तहको एकलअधिकारको विषय रहेकोले संविधानको धारा १३७ मा संघ, प्रदेश र स्थानीय तहबीचको अधिकार क्षेत्रको बारेमा भएको विवाद समाधानका लागि अदालतसम्म जान सकिने बारे छलफल भएको लामाको प्रस्तुतीमा उल्लेख छ । 'अधिकार क्षेत्रबारे विवादसम्बन्धी मुद्दाको सुरु कारबाही र किनारा संबैधानिक इजालासले गर्ने व्यवस्था बमोजिम उक्त अधिकार प्राप्तिका लागि कानुनी रुपमा अघि बढ्न सकिने देखिन्छ ।', उनले भनेका छन् ।

'नेपाल सरकारको मन्त्रिपरिषदले संविधान र विद्यमान ऐनको मर्मविपरित हुनेगरी राजस्व बाँडफाँडलगायतको विषय उल्लेख गरी नदीजन्य तथा खानीजन्यपदार्थको उत्खनन तथा बिक्री व्यवस्थापन सम्बन्धी मापदण्ड जारी गर्न मिल्छ ?', भीमफेदी गाउँपालिकाले प्रश्न गरेको छ । बागमती प्रदेशसभाले संविधान र संघीय ऐनको प्रतिकूल हुनेगरी नदीजन्य तथा खानीजन्य पदार्थको शुल्क बाँडफाँड हुनुपर्ने कानून निर्माण गर्न तथा सो को दर दस्तुर तोक्न नमिल्ने भन्दै जनप्रतिनिधिहरु रुष्ट देखिएका हुन् ।

प्रदेश सरकारले स्थानीय तहको एकल अधिकारक्षेत्रभित्र रहेको विषयका सन्दर्भमा कार्यविधि जारी गर्न नपाइने गाउँपालिकाको दाबी छ । वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृतिका सन्दर्भमा स्थानीय तहको एकल अधिकारक्षेत्र अन्तर्गत पर्ने विषयसँग सम्बन्धित प्रस्तावको विषयमा प्रदेशसभाले कानूनमार्फत हस्तक्षेप गरी यो वा त्यो निकायसमक्ष पेश गर्न भनी निर्देशन दिन पनि नपाइने जनप्रतिनिधिहरुको तर्क छ ।

बैठकमा हेटौंडा उपमहानगर प्रमुख मीनाकुमारी लामा, भीमफेदी गाउँपालिका अध्यक्ष लामा, मनहरी गाउँपालिका अध्यक्ष रञ्जन कालाखेती, बागमती गाउँपालिका अध्यक्ष सर्केश घलान, कैलाश गाउँपालिका अध्यक्ष लोकबहादुर मोक्तान, मकवानपुरगढी गाउँपालिका अध्यक्ष दोर्जे लामा सहभागी थिए ।

## शिक्षक दौडमा चौलागाईं, स्लो स्कुटीमा थिङ प्रथम

साझाकुरा संवाददाता



हेटौंडा, १५ माघ/ हेटौंडामा सोमबार शिक्षक दौड तथा महिला शिक्षक स्लो स्कुटी प्रतियोगिता भएको छ । सहिद सप्ताह अन्तरगत हेटौंडा उपमहानगरपालिका-४ नम्बर वडा कार्यालयको आयोजना तथा नेपाल राष्ट्रिय शिक्षक संगठन मकवानपुरको व्यवस्थापनमा प्रतियोगिता भएको हो ।

पुरुष शिक्षक दौडमा मकवानपुरगढी गाउँपालिकाको भानु माध्यमिक विद्यालयका मुकेश चौलागाई प्रथम, भानु माविकै दुर्लभकुमार दुलाल द्वितीय भएका छन् । यसैगरी, हेटौंडा-४ मा रहेको नवोदय शिशुसदनका राम कंशाकार तृतीय हुँदा मकवानपुर गढीको शारदा माविका दिनेश सुवेदी चौथो स्थानमा रहे । नवोदय शिशुसदनका अविरल शाक्यले सान्त्वना पुरस्कार प्राप्त गरे ।

स्लो स्कुटी प्रधिस्पर्धामा हेटौंडा-१४ स्थित भृकुटी माविकी सिर्जना थिङ प्रथम, हेटौंडा-४ स्थित ब्रह्मदिक एकेडेमीकी सुजिता बोम्जन द्वितीय र ब्रह्मदिककै मुना लामा तृतीय भए । पुरुष शिक्षक दौडमा ३४ जनाको सहभागिता रहेको थियो भने महिला शिक्षक स्लो स्कुटी प्रतियोगितामा ४० जनाको सहभागिता रहेको नेपाल राष्ट्रिय शिक्षक संगठन मकवानपुर अध्यक्ष श्रीराम दाहालले बताए ।

प्रतियोगितामा पुरुष शिक्षकतर्फ दौडमा प्रथम हुनेले ७ हजार, द्वितीय हुनेले ५ हजार, तृतीय हुनेले ३ हजार, चौथो हुनेले २ हजार र सान्त्वना हुनेले १ हजार प्राप्त गरे । यस्तै महिला शिक्षकतर्फ स्लो स्कुटी प्रतियोगितामा प्रथम हुनेले ७ हजार, द्वितीय हुनेले ५ हजार र तृतीय हुनेले ३ हजार पुरस्कार प्राप्त गरे ।

दौड प्रतियोगिता ४ नम्बर वडा कार्यालयबाट सुरु भई शितलमहल चोक, ओमभवनचोक, भैरवरोड, मिलनचोक हुँदै ४ नम्बर वडा कार्यालयमै आइपुगेको थियो । स्लो स्कुटी प्रतियोगिता भने हुप्रचौरमा भएको थियो । शिक्षक संगठन अध्यक्ष दाहालको सभाध्यक्षता तथा युवा तथा खेलकुद पूर्वमन्त्री पुरुषोत्तम पौडेलको प्रमुख आतिथ्यमा भएको कार्यक्रमा ४ नम्बर वडाध्यक्ष नवीन सिग्देलको विशेष आतिथ्यमा रहेको थियो ।

## गिजर प्रयोग गरी नुहाउँदा २१ वर्षीय युवकको मृत्यु

साझाकुरा संवाददाता

हेटौंडा, १५ माघ/ हेटौंडामा गिजर प्रयोग गरी नुहाउने क्रममा एक युवकको मृत्यु भएको छ । हेटौंडा उपमहानगरपालिका-९ लामसुरेका २१ वर्षीय युनेश काफ्लेको ग्यास गिजर प्रयोग गरी नुहाउने क्रममा मृत्यु भएको मकवानपुर प्रहरीले जनाएको छ ।

सोमबार दिउँसो नुहाउन गएका उनी लामो समय बाथरुमबाट ननिस्किएपछि परिवारका सदस्यले बाथरुमको ढोका फोडेका थिए । प्रहरीका अनुसार बाथरुममा ग्यास गिजर प्रयोग गरी नुहाउने क्रममा उनी वेहोश भएको पाइएको थियो ।

अचेत अवस्थामा युनेशलाई उपचाचरको लागि हेटौंडाको सामुदायिक अस्पताल पुऱ्याउँदा चिकित्सकले मृत घोषित गरेको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जानकारी दिएको छ ।

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित
कार वास भित्र/बाहिर
वायरिङ मर्मत
A/C मर्मत तथा ग्यास रिफिलिङ
सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
इन्जिनसम्बन्धी सबै काम
Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल,
सम्पर्क नं.: ०५७-५९०३३३



साझाकुरा

## हाम्रो कुरा

# बजेटको सकसमा सडक आयोजना

थानकोट-चित्लाङ सडक (गणेशमान सिंह मार्ग) स्तरीकरणका लागि बजेटको अभावमा काम हुन नसकेको समाचारहरु आएका छन् । बजेटको समस्या यो मात्रै होइन । नेपालका धेरै सडकमा बजेटको समस्या छ । कर्णाली करिडोर, महाकाली करिडोर, हुलाकी सडक, मध्यपहाडी लोकमार्ग, फास्टट्र्याक, रेलमार्ग सबै आयोजनालाई बजेटकै समस्या हो । १५ वर्ष अगाडि हेटौंडाको गौरीटारमा अत्याधुनिक सुविधासम्पन्न अन्तराष्ट्रिय गुणस्तरको रंगशाला स्थापना गर्न तत्कालीन प्रधानमन्त्री माधबकुमार नेपालले तामझामसहित शिलान्यास गरे । तत्कालीन परियोजना पस्तावअनुसार ३ अर्ब रुपैयाँ लागत अनुमान गरी डिपिआर तयार पारियो । तर, अर्थले बजेट बिनियोजन गर्दा २ करोड रुपैयाँ छुट्यायो । यसबाट के बुझिन्छ भने सरकारले स्रोत सुनिश्चितता नगरिकनै यस्ता परियोजना शिलान्यास गरेको हुन्छ । यस्तो समस्या थानकोट-चन्द्रागिरी-चित्लाङ सडक खण्डमा पनि दोहोरियो । यो सडक खण्डमा अहिले २ करोड रुपैयाँको ठेक्का लगाएर काम भइरहेको छ । बजेट सुनिश्चितताबिनै ठेक्का लगाएर काम भइरहेपनि भर्खरै बजेटको सहमति दिइएको हो । सडकमा नयाँ बजेट भने ५ करोड ९९ लाख रुपैयाँ थपिएको हो । २८ पुसमा चन्द्रागिरी नगरपालिका-४ पानीघाट नजिक हिमचुली सेतोपहरामा जिप दुर्घटनामा परी पाँच जनाको मृत्यु भएपछि सरकारले यसक्षेत्रका जनप्रतिनिधिको दबाबमा थप बजेटको सहमति दिएको हो ।

काठमाडौंबाट चित्लाङ जाँदै गरेको प्र ३-०१-२३ च ६९८५ नम्बरको जिप अनियन्त्रित भई सडकबाट करिब ५ सय मिटर तल खस्दा काठमाडौं मैतीदेवीका डा. महेशकुमार गौतमको परिबारका ४ जनाको मृत्यु भएको थियो । दुर्घटना लगत्तै ३ माघमा मकवानपुर-२ का सांसद महेशकुमार बर्तौलासहित संविधानसभा सदस्य सुभाषचन्द्र ठकुरी, पूर्वसांसद रामनारायण विडारी, थाहा नगरपालिका प्रमुख विष्णु बिष्ट 'आदर्श' इन्द्रसरोवर गाउँपालिका अध्यक्ष देवकृष्ण पुडासैनी, थाहा-९ चित्लाङका वडाअध्यक्ष राजकुमार बलामीलगायतले प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डलाई भेटेर चालु आवमै २० करोड बजेट माग गरेका थिए । अर्थ मन्त्रालले चालु आर्थिक वर्ष २०८०/८१ का लागि विनियोजित २ करोडसहित एकमुष्ट ७ करोड ९९ लाखको स्रोत सहमति दिएको हो । २० करोड बजेट माग गरेकोमा भौतिक पूर्वाधार मन्त्रालयले घटाएर १० करोड अर्थ मन्त्रालयमा पठाएको छ । २० करोड रुपैयाँ मागेको ठाउँमा अर्थले २ करोड बजेट बिनियोजन गरेको छ । कानूनी व्यवस्थाअनुसार बिनियोजित बजेटको चार गुणासम्म चालू आवमै थप गर्न मिल्ने भएकाले अर्थ मन्त्रालयसँग पुन: ८ करोड माग गरिएको हो । जसमा अर्थ मन्त्रालयले ५ करोड ९९ लाख रुपैयाँ मात्रै स्रोत सुनिश्चितता गरेको हो । त्यसमा सडक बोर्डको थप एक करोड ५० लाख रुपैयाँ समेतको काम भइरहेको छ । थानकोट-चित्लाङ सडक खण्डको २२ किलोमिटरमध्ये चार किलोमिटर अत्यन्तै जोखिमपूर्ण उकालो रहेकाले त्यसलाई सुधार गरेर कालोपत्र नगरेसम्म सधैं दु:ख हुने अवस्था छ ।

बजेट स्रोत सुनिश्चितता तथा सहमतिपत्र अर्थ मन्त्रालयको बजेट तथा कार्यक्रम महाशाखाले १२ माघमा भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय पठाएको छ । मन्त्रालयले सहमती प्रदान गर्दा आयोजनाको बहुवर्षीय ठेक्का सम्बन्धी (पहिलो संशोधन) मापदण्ड, २०८० को पूर्ण परिपालाना गर्ने गरी भनिएको छ । अर्थले आयोजनाको बहुवर्षीय ठेक्का सम्बन्धी (पहिलो संशोधन) मापदण्ड, २०८० को पूर्ण परिपालनालाई जोड दिइएको छ भने प्रचलित, ऐन, कानून र स्वीकृत मापदण्ड बमोजिम सम्पूर्ण प्रक्रिया पूरा गरी कानून र मापदण्डको पूर्ण परिपालनाको सवाललाई उल्लेख गरेको छ । बहुवर्षीय ठेक्काको स्रोत सहमति प्राप्त भएको आयोजनाको खरिद प्रक्रिया कात्तिकभित्र सुरु गरिसक्नुपर्ने मापदण्डको दफा ६ (७) मा उल्लेख छ । तर, आर्थिक वर्ष ०८०/८१ को हकमा मंसिर मसान्तसम्म खरिद प्रक्रिया सुरु गर्न बाधा नपर्ने मापदण्डमा भनिएको छ । तर, गणेशमान मार्गको स्रोत सुनिश्चितता तथा सहमति मंसिर मसान्त पश्चात् ११ माघमा निर्णय भएको छ । १२ माघमा प्रदान गरिएको स्रोत सहमतिको अवधि बढीमा ३ वर्षको हुने मापदण्डको दफा ६ (२) मा उल्लेख छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८० माघ १७ गते बुधबार ३१ जनवरी २०२४ । पन्चमी, माघ कृष्णपक्ष । पोहेलागा ११४४ ने.सं. । सूर्योदय ६:५३, सूर्यास्त ५:४२ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : चुनौतीहरु बढ्नेछन् | तुला | : प्रयत्न निरर्थक हुनेछ |
| वृष | : आम्दानी घट्नेछ | वृश्चिक | : व्यावसायिक काम बन्नेछ |
| मिथुन | : कामको तारिफ हुनेछ | धनु | : सहयोगीले असहयोग गर्नेछन् |
| कर्कट | : अरुको मन लोभ्याउन सकिनेछ | मकर | : पढाइमा प्रगति हुनेछ |
| सिंह | : दाम कमाउने बेला छ | कुम्भ | : समस्या दोहोरिन सक्नेछ |
| कन्या | : मित्रताले हर्ष बढ्नेछ | मीन | : घरेलु काममै अलमल हुनेछ |

# के समाजवादमा जातको अन्त्य हुन्छ ?



✍ मेखराज उदय

समाजवाद शब्दको प्रथम प्रयोग सन् १८२७ मा रोबर्ट ओवेनले गरेका थिए । १७७१ सालमा बेलायतमा जन्मिएका ओवेन समाजवाद र सहकारिताको संस्थापक मानिन्छन् । समाजवादको सामान्य अर्थ हुन्छ, वस्तुको उत्पादन मान्छेको आवश्यकता पूर्ति गर्नका लागि हुनुपर्दछह व्यापार तथा लाभ प्राप्त गर्नका लागि होइन । समाजवादी व्यवस्थामा लेनदेन प्रतियोगितामा आधारित हुँदैन, त्यो सहयोगमा आधारित हुन्छ । समाजवादले मानिसको उन्नति यही रोकिदिन्छ ।

यसको अलावा उत्पादनबाट आर्थिक लाभ प्राप्त गर्ने व्यवस्था पूँजीवादी व्यवस्थाको उपज हो । जहाँबाट मानिसको उन्नति, प्रगतिको प्रवेशद्वार खुल्दछ । समाजवादले त्यसलाई अस्वीकार गर्दछ । यो नै समाजवादी अर्थ व्यवस्थाको अव्यावहारिक वा कमजोर पक्ष हो ।

यसर्थ व्यक्तिले आफ्नो क्षमता/योग्यता अनुसार राज्यलाई श्रम दिने र आवश्यकता अनुसार सेवा लिने व्यवस्था नै मार्क्सीय समाजवादको सार हो । उदाहरणका लागि एक जना व्यक्तिले प्रति महिना १ लाख बराबरको श्रम गर्दछ तर उसको आवश्यकता जम्मा ५० हजार मात्रै हो भने उसको आवश्यकता बमोजिमको जम्मा ५० हजार मात्रै प्राप्त गर्दछ । अर्को व्यक्तिको आवश्यकता मासिक १ लाख हो तर उसको श्रम गर्ने क्षमता जम्मा ५० हजार बराबरको मात्रै छ भने उसलाई राज्यले थप ५० हजार उपलब्ध गराउनेछ ।

मार्क्सवाद अनुसार मानिसबाट प्राप्त हुने भनेकै श्रम मात्रै हो । श्रम दुई प्रकारका हुन्छन् । पहिलो शारीरिक श्रम र दोस्रो हो, मानसिक श्रम । माक्सीय समाजवादमा सम्पत्ति, उत्पादनको नियन्त्रण समाज वा राज्यको अधीनस्थ हुन्छ । निजी सम्पत्तिको शून्यता वा निषेध र सम्पत्तिको पूर्ण स्वामित्व राज्यको हुने नै समाजवादी व्यवस्था हो ।

**मार्क्सवादको कमजोरी**

केही दिनअघि माओवादी पार्टीका पूर्व नेता डा. बाबुराम भट्टराईले संचारकर्मीमा अन्तर्वार्ता दिँदै मार्क्सवादी व्यवस्थाको यथार्थपरक विश्लेषण गरे । डा. भट्टराईको स्वीकारोक्ति छ- 'संसारमा अब कम्युनिस्ट प्रणाली भन्ने नै र हुँदैन । किनभने त्यसको मुख्य कुरा भनेको निजी सम्पत्तिको अन्त्य हो । कम्युनिस्ट घोषणापत्रले व्याख्या गरको साम्यवाद भनेको निजी सम्पत्तिको अन्त्य हो । तर, निजी सम्पत्ति अन्त्य हुने कुरा होइन रहेछ ।'

आफ्नो ऊर्जाशील युवा वयभरि कम्युनिस्ट सिद्धान्त बमोजिमको जनवादी राज्यसत्ता स्थापना गर्ने उद्देश्यका साथ सशस्त्र विद्रोहमा होमिएका मात्रै होइन, २०५२ सालदेखि माओवादी पार्टीको नाममा करिब १० वर्ष सञ्चालित हिंसात्मक राजनीतिको मुख्य नेतृत्वमध्येका एक नेता हुन्, भट्टराई । उनको व्यक्तिगत र राजनीतिक जीवनको उत्तरार्धको यो बखत खुलेको चेतबाट धेरै सत्यको उजागर भने भएको छ ।

भट्टराईका अन्य धेरै विचार, व्यवहार र मान्यताहरूसँग पंक्तिकारको असहमति छन् । तथापि यो सत्य निकट निष्कर्षको भने विरोध गर्ने ठाउँ भेटिएन ।

डा. भट्टराईको जीवन-मन्थनपछिको यो निष्कर्ष जस्तै २५ सय वर्ष अगाडि बुद्धले यस्तै कुरा भनेका थिए । तथागत बुद्धले वर्ग संघर्ष कहिल्यै अन्त्य हुँदैन भनेका छन् । उनी भन्छन्- 'कुनै एक शोषित वा श्रमिक वर्गले शासक वर्गको विरुद्ध वर्ग संघर्ष गऱ्यो । मानौं त्यो मजदुर वर्गले सत्ता हत्यायो । अब सत्ताच्युत बन्न पुगेको वर्ग सत्ताविहीन बन्दछ । सत्ताविहीन बन्न पुगेको त्यो पूर्व शासक वर्ग पुन: सत्ता, शक्ति प्राप्तिको लागि संघर्ष गर्न थाल्दछ । यसर्थ सत्ता संघर्ष चलिरहन्छ । अत: वर्ग संघर्ष कहिल्यै समाप्त हुँदैन ।'

तर कार्ल मार्क्सले करिब डेढ सय वर्ष पूर्व वर्ग संघर्षको कल्पना गरेका छन् । मार्क्सले भनेको समाजवाद, वर्ग संघर्ष र साम्यवादबारे थप चर्चा गरौं ।

मार्क्सवादले मानव सभ्यता र समाजलाई दुई वर्गमा विभाजित गरेर बुझ्दछ । एक शोषित वर्ग र दोस्रो शोषक वर्ग । मार्क्सको विश्वास छ, शोषक वर्गले उत्पादनको स्रोत र संसाधनमाथि आफ्नो प्राधिकार राख्ने प्रयास गर्दछ र अर्को अर्थात् शाषित वर्गलाई निरन्तर बुर्जुवा विचारधाराको आडमा वञ्चित गरिराख्छ । शोषित वर्गलाई उक्त षड्यन्त्रको जानकारी भइसकेपछि वर्ग संघर्षको भूमि तयार हुन्छ ।

वर्गविहीन समाज अर्थात् साम्यवाद स्थापनार्थ वर्ग संघर्ष एक अनिवार्य प्रक्रिया हो । मार्क्सवाद पूँजीवादको एक प्रतिक्रिया हो । मार्क्सवाद पूँजीवादी व्यवस्थालाई अन्त्य गर्नका लागि हिंसात्मक साधनको प्रयोगलाई अनिवार्य मान्दछ । मार्क्सवाद लोकतान्त्रिक संस्थाहरूलाई पूँजीपतिको संस्था मान्छ जो पूँजीपतिको हित र श्रमिकको शोषणका लागि बनाइएको ठान्दछ ।

मार्क्सवादको मुख्य एवं आधारभूत सिद्धान्त– द्वन्द्वात्मक भौतिकवाद, ऐतिहासिक भौतिकवाद, अतिरिक्त मूल्यको सिद्धान्त, वर्ग संघर्ष, क्रान्ति, सर्वहारा वर्गको अधिनायकत्व र साम्यवाद हुन् । त्यस्तै मार्क्सवादका ३ महत्वपूर्ण लक्ष्य छन् । पहिलो, श्रमिकद्धारा राजनीतिक सत्ताको विजय । दोस्रो, निजी सम्पत्तिको उन्मूलन र तेस्रो हो, एक वर्गविहीन र राज्यविहीन कम्युनिस्ट समाजको अन्तिम स्थापना ।

यद्यपि सर्वहारा वर्गको अधिनायकत्वको चरण, समयावधि कति रहन्छ ? यो प्रश्नको सवाल मार्क्स, एंगेल्स, लेनिन वा माओ कोही कसैले दिन सकेनन् । लेनिनको नेतृत्वमा स्थापित रसियन कम्युनिस्ट सत्ता विघटन भएर जाँदासम्म त्यो भनिएको सर्वहारा वर्गको अधिनायकत्वको चरण पूरा भई वर्गविहीन, राज्यविहीन भनिएको साम्यवाद कहिल्यै आएन । चीनमा झनै आउने सम्भावना छैन । मार्क्सको फेलियर (असफता) हो यो । वर्तमान विश्वमा पाँच कम्युनिस्ट देशहरू छन् । ती हुन्- चीन, क्युबा, लाओस, उत्तर कोरिया र भियतनाम ।

**समाजवादको मान्यता**

मार्क्सवादी समाजवादपछि लोकतान्त्रिक समाजवाद एक राजनीतिक विचारधारा हो । जो राजनीतिक लोकतन्त्रको साथै उत्पादनका साधनको सामाजिक स्वामित्वको वकालत गर्दछ । यसको अधिकतम जोड समाजवादी आर्थिक प्रणालीको लोकतान्त्रिक प्रबन्धनमा आधारित र हन्छ । लोकतान्त्रिक समाजवादको प्रणेता सेन्ट साइमनलाई मानिन्छ । उनले एक समाजवादी समाजको वकालत गरे, जसले पूँजीवादको अव्यवस्थित पक्षहरूको अन्त्य र समान अवसरमा आधारित व्यवस्था स्थापना गर्नेछ ।

हाल लोकतान्त्रिक समाजवादी व्यवस्था अंगीकार गरिरहेका मुलुकहरूमा नर्वे, फिनल्याण्ड, स्वीडेन, डेनमार्क, ग्रेट ब्रिटेन, स्विट्जरल्याण्ड, अष्ट्रेलिया, जापान र न्यूजिल्याण्ड आदि छन् । भारतको संविधानमा तत्कालीन प्रधानमन्त्री इन्दिरा गान्धीले लोकतान्त्रिक समाजवाद लेखाइन् । यता नेपालको संविधानमा समाजवाद उन्मुख भनी लेखिएको भएतापनि त्यसको स्पष्ट व्याख्या कहीं कतै भेटिँदैन । व्यवहारमा भने दुवै देश अति पूँजीवादको भुमरीमा फसेको भान हुन्छ । दलहरू भने समाजवादी नामको स्वैरकल्पनामा डुबेका छन् ।

भारतरत्न, संविधान निर्माता विद्वान् डा. भीमराव अम्बेडकरले राज्य (प्रदेश) समाजवादको सिद्धान्त अघि सारेका छन् । उनको बुझाइ अनुसार निजी उद्योगहरूलाई मान्यता दिँदै धेरैभन्दा धेरै उत्पादन बढाएर सम्पत्तिको समान विभाजनको प्रावधान निर्माण गरी समाजको आर्थिक जीवन व्यवस्थित गर्ने जिम्मेवारी राज्यको हो ।

समाजमा दुर्बल पक्षको सुरक्षाको निम्ति राज्य समाजवादको सिद्धान्त उनले प्रस्तुत गरे । यसका मुख्य बुँदा यस प्रकार छन् :

पहिलो, मूलभूत उद्योग राज्य (प्रदेश) सरकारको नियन्त्रणमा हुनेछन् र तिनलाई प्रदेश सरकारद्वारा चलाउनेछ । दोस्रो, आधारभूत उद्योग राज्यको नियन्त्रणमा हुनेछन् । त्यो राज्य सर कार वा उसले स्थापित गर्ने महामण्डलद्वारा सञ्चालन गरिन्छ । तेस्रो, बीमा उद्योगमा सर कारको नियन्त्रण रहनेछ । प्रत्येक नागरिकलाई उसको आयको क्षमता अनुसार बीमा निकाल्न प्रदेश सरकार बाध्य बनाउनेछ । चौथो, कृषि उद्योग राज्यका राष्ट्रिय उद्योग हुनेछन् । पाँचौं, निजी उद्योग, निजी बीमा कम्पनी आदिमाथि राज्य (प्रदेश) सरकार आफ्नो नियन्त्रण स्थापित गर्दछ । यसको सट्टामा ती व्यक्तिको ऋण स्थगनका रूपमा मूल्य प्रदान गरिनेछ । कानुनद्वारा निर्धारित दरका आधारमा व्याज लिने हक ती एजेन्टसँग हुनेछ ।

उपलब्ध जमिनलाई प्रदेश सरकार द्वारा निर्धारित टुक्रामा विभाजन गरी उक्त जमिन गाउँका सबै किसानलाई निश्चित शर्तसहित खेती गर्नका लागि दिइनेछ । जमिनको बाँडफाँट गरिँदा धर्म, जात, सम्प्रदाय आदि कुनै प्रकारको विभेदर हित हिसाबले बाँडिनेछ । त्यस्तो सामूहिक खेती गर्न पानी, पशु, औजार, बीज, मल आदिका लागि आर्थिक सहयोग गर्ने व्यवस्था प्रदेश सरकारले गर्नेछ ।

प्रदेश सरकारले खेतीको उत्पादनमा कर लगाउन सक्नेछ । डा. अम्बेडकरले आर्थिक जीवन जस्तो महत्वपूर्ण क्षेत्रमा राज्य (प्रदेश) समाजवादको सिफारिस गरेका छन् ।

**समाजवाद र जात व्यवस्था**

सन् १९१७ मा लेनिनको नेतृत्वमा रूसमा सम्पन्न भएको अक्टोबर क्रान्तिले समताको मात्रै विकास गरेको इतिहास छ । भाइचारा अर्थात् समानता स्थापना गर्न असफल भएका थिए । माक्सीय समाजवादको मुख्य उद्देश्य र लक्ष्य वर्ग अर्थात् आर्थिक असमानताको अन्त्य गर्नु हो ।

मार्क्सले स्पष्ट भनेका छन्– 'आजसम्मको सम्पूर्ण मानव इतिहास भनेको वर्ग संघर्षको इतिहास हो ।' तर दक्षिणएसियाको भारतवर्ष, यसको पेरीफेरी र हिन्दु अतिवादी धार्मिक राजनीति रहेका मुलुकहरूको अवस्था मार्क्सको बुझाइमा आकाश-जमिनको फरक छ । यहाँको मूल समस्या वर्ण (जात) व्यवस्था हो । यहाँ कोही पनि गरिब भएकाले अछूत वा जातको श्रेणीमा परेका हैनन् ।

बरु अछूत बनाइएकाले, विभेद र दमन गरिएकाले निमुखा बन्न बाध्य पारिएका हुन् । आज कुनै व्यक्तिलाई सम्पन्न बनाइयो भने के उसलाई विभेद गरिँदैन ? अथवा धनी बनेपछि व्यक्तिको जात बढ्छ ? विगत चार हजार वर्षमा यस्तो कतै भएन । त्यसैले हाम्रो मूल समस्या गरिबी होइन रहेछ । वर्णाश्रम नामको विशेष व्यवस्था छ, जसले जातको निर्धारण गर्दछ । त्यसैका आधारमा विभेद गरिन्छ । यस्तो व्यवस्थाका सम्बन्धमा मार्क्सवाद, मार्क्सीय समाजवाद, साम्यवाद बोल्दैन । त्यसैले समाजवाद आउँदैमा जात र जात व्यवस्थाको अन्त्य हुन सम्भव छैन ।

डा. अम्बेडकरको निष्कर्षमा अन्तर जातीय विवाह र बुद्ध धम्म (धर्म होइन) को बाटोबाट जातीयता समाप्त हुने ठोकुवा गर्दछन् । ब्राह्मणवादको अन्त्य नै जात व्यवस्थाको अन्त्य हो । ब्राह्मणवादका तीन आधार छन् । पहिलो, जात व्यवस्था । दोस्रो, पितृसत्ता र तेस्रो, भाग्यवाद हुन् । स्वजातीय विवाह र सन्तानको विवाहमा अभिभावकको विशेषाधिकार नै जात व्यवस्था जीवन्त राख्ने सूत्र हुन् ।

एक वयस्क पुरुष र महिलाबीच व्यक्तिगत रोजाइमा विवाह गर्ने अधिकार दिने हो भने जात व्यवस्था धर्मराउँदै जाने र अन्त्य हुनेछ । यही जात व्यवस्थालाई जीवित राख्न बालिका विवाह, सती प्रथा आदि व्यवस्था मिलाइएका हुन् । त्यसैले जात व्यवस्था अन्त्यका लागि अनुपयुक्त र काल्पनिक समाजवादी समाज निर्माण गर्न ऊर्जा, समय र विवेक दुरुपयोग नगरौं ।

डा. अम्बेडकरको राज्य समाजवाद वा लोकतान्त्रिक समाजवाद उपयुक्त व्यवस्था ठर्हछ । त्यसैले निष्कर्षमा भन्न सकिन्छ कि पूँजीवादले जात व्यवस्था अन्त्य गर्न भूमिका खेलेको हुन्छ ।

*(साभार: अनलाइनखबर)*

# अख्तियार, अदालत र सुशासनको सन्दर्भ

✍ सुदर्शन आचार्य

'कांग्रेस, एमाले, माओवादी सबैका प्रिय पौडेलद्वय अख्तियारको नियन्त्रणमा', 'नेपालमा भ्रष्टाचार, सिंगापुरमा नियुक्ति र अमेरिकामा पिआर' शीर्षकमा माघ ११ गते मूलधारका दुई दैनिकले 'भ्रष्टाचार अभियोगमा पक्राउ पौडेलद्वय'बारे समाचार प्रकाशन गऱ्यो । पौडेलद्वयलाई अख्तियारले नियन्त्रणमा लिएपछि बनेका शीर्षक हुन् । पौडेलद्वय थिए- नेपाल टेलिकमका तत्कालीन प्रवन्ध निर्देशक सुनिल पौडेल र सुरक्षण मुद्रण केन्द्रका तत्कालीन कार्यकारी निर्देशक विकल पौडेल । यसअघि नै उनीहरूविरुद्ध अख्तियार दुरुपयोग अनुसन्धान आयोगले विशेष अदालतमा 'भ्रष्टाचार प्रकरण'मा मुद्दा दायर गरेको थियो । त्यसरी मुद्दा दायर भएपछि दुवै निलम्बित अवस्था छन् ।

अख्तियारले पौडेलद्वय 'सुनिल र विकल' गैरकानुनी सम्पत्ति आर्जनसम्बन्धी जारी अनुसन्धान छलेर विदेश भाग्ने तयारी गरेको अभियोगसहित नियन्त्रणमा लिएको हो । अख्तियारको दाबीमा, कसुरसम्बद्ध प्रमाण नष्ट गर्न सक्ने र भागी जाने सम्भावना हुँदा अनुसन्धान कार्यमा बाधा पुग्ने देखिएपछि नियन्त्रणमा लिनु परेको हो ।

उदेक लाग्दो विषय त के छ भने, विकल पौडेल २०७३ मा प्रधानमन्त्री पुष्पकमल दाहालका समय सुरक्षण मुद्रण केन्द्रमा कार्यकारी निर्देशक, प्रधानमन्त्री केपी शर्मा ओलीका पालामा ६९ करोड अनियमितता प्रकरणमा मुछिएका थिए भने प्रधानमन्त्री शेरबहादुर देउवाको पालामा पुन: नियुक्ति पाएका थिए ।

पक्राउ परेका सुनिल भने ०७५ मा ओली सरकारको पाला सुचना प्रविधि केन्द्रको कार्यकारी निर्देशक थिए भने प्रधानमन्त्री शेर बहादुर देउवा रहेका समय मापदण्ड नै परिवर्तन गरी टेलिकमको प्रबन्ध निर्देशक बनाइयो । त्यसरी फरक-फरक पार्टीका शीर्ष नेताहरुलाई रिझाउन र प्रभावित गर्न सक्नुको 'कारण' गतिलै हुनुपर्छ ।

अख्तियारले 'नेसनल पेमेण्ट गेटवे'को उपकरण खरिदमा अनियमितता गरेको अभियोगमा सुनिल र नेपाल सरकारका तत्कालीन सचिव मधु मरासिनीसहित ९ जनाविरुद्ध २३ करोड २७ लाख विगो दाबीसहित असोज १५ मा विशेष अदालतमा मुद्दा दायर गरेको थियो ।

त्यसरी नै विकलविरुद्धमा भने सेक्युरिटी प्रिन्टिङ प्रेसको उपकरण खरिदमा अनियमितता गरेको आरोपमा बैशाख ३ मा मुद्दा दायर भएको थियो । उनीविरुद्ध ६९ करोड भन्दा माथिको बिगो तथा जरिवानासहित कैदको माग आयोगले गरेको छ । सत्ताको आडमा नेपालमा पछिल्लो समय दर्जनौ भ्रष्टाचारका घटनाहरू घट्दै आएका छन् । दैनिकजसो सार्वजनिक सञ्चार माध्यमका प्रमुख समाचार बन्दा समेत 'भ्रष्टाचारमा शून्य सहनशिलता' अपनाउने बताउँदै आएका पछिल्ला सरकारहरू 'भ्रष्टाचार नियन्त्रणमा प्रभावकारी भूमिका' खेल्नुको सट्टा उल्टै मुछिँदै आएका छन् ।

अर्कातिर अखितयारले लामो अनुसन्धान गरेर अदालतमा पुऱ्याएका घटनामा समेत भ्रष्टाचारका ठूला घटना र ती घटनामा संलग्नले 'आश्चर्यजनक रुपमा उन्मुक्ति' पाउँदै आएका छन् । जसका कारण नेपाल भ्रष्टहरूका लागि 'स्वर्णभूमि' बन्दै आएको छ ।

नजिरका रुपमा केही उदाहरणहरू लिन सकिन्छ, स्वीकृत परिणामभन्दा ज्यादा चुनढुंगा उत्खनन् गरेको आरोपमा उद्योग वाणिज्य महासंघका पूर्वअध्यक्ष पशुपति मुरारकासहित खानी तथा भूगर्भ विभागका महानिर्देशक रामप्रसाद घिमिरेसहित २७ जनाविरुद्ध अख्तियारले करिव सवा अर्ब भ्रष्टाचार गरेको अभियोगमा विशेष अदालतमा मुद्दा दायर गऱ्यो ।

स्थापित उद्योगीहरू पशुपति मुरारका, युनाइटेड सिमेन्टका नरेश दुगड, सोनापुर मिनरेल्स एण्ड आयलका नितेश तायल, डोलोमाइट चुनढुंगा उद्योगका मानबहादुर श्रेष्ठ, उदयपुर मिनरल्स टेक प्रालिका प्रवलजंग पाण्डे संचालक रहेको कम्पनी नै अवैध चुनढुंगा उत्खनन्मा सामेल थिए भन्ने अख्तियारको अभियोग थियो । तर, दुर्भाग्यबस उनीहरूलाई विशेष अदालतले उन्मुक्ति मिल्यो ।

दोस्रो थियो, बाँकेमा निर्माणाधीन सिक्टा सिचाईंमा भएको अनियमितता । पूर्वमन्त्री विक्रम पाण्डे संचालक रहेको कालिका कन्ट्रक्सन कम्पनीले राष्ट्रिय गौरवको उक्त आयोजनामा साढे आठ अर्बभन्दा ज्यादा अनियमितता गरेको भन्दै आयोगले विशेष अदालतमा पाण्डेसहित २१ जना विरुद्ध मुद्दा दायर गऱ्यो । तर, विशेष अदालतका अध्यक्ष श्रीकान्त पौडेल, सदस्यद्वय रमेश कुमार पोखरेल र यमुना भट्टराईको इजलासले उनीहरूलाई 'सफाई' दियो । तिनलाई सफाइ दिन आयोजनास्थलमा 'घुलनशील माटो हुनु'लाई दोष दिइयो ।

यता आयोगले अदालतमा अबौं अरबका अनियमितताका 'केस' दायर गर्ने, उता अदालतले 'सफाई' दिँदै दलका कार्यकर्ताले भने सडकमा 'अबिर जात्रा' गर्ने चक्रले 'नेपाल अब बन्दैन' भन्ने निश्कर्ष निकाल्न कठिन छैन ।

टेरामक्स, स्टक एक्सचेञ्ज, वाइडवडी, नक्कली शरणार्थी, पशुपति जलहरी, ललिता निवास, सुन तस्करी, बुढीगण्डकी, एनसेल, लगायत दर्जनौं ठूला अनियमितताका काण्डहरूमा मूलधारका दलहरूले अख्तियारलाई बलियो बनाएर छानबिनमा सघाउनुपर्ने थियो । उल्टै घट्ना सामसुम पार्न 'आश्चर्यजनक राष्ट्रिय सहमति' कायम गरिनुले आसन्न निर्वाचनहरू परम्परागत मूलधारका दलहरूका लागि 'फलामको चिउरा' सावित हुने निश्चित झैं देखिन्छ ।

किनकि, 'नेता वा नाता' जो जहाँ रहेपनि भ्रष्ट आचरणको व्यक्तिबाट समाजले आशा राख्ने ठाउँ रहन्न । तसर्थ, संसदमा विचाराधीन रहेको भ्रष्टाचार निवारण र अख्तियारसम्बन्धी विद्येयक यथासक्य छिटो अघि बढाउँदै आगोगको क्षेत्राधिकार समेत बढाउन सक्दामात्र संघीय लोकतान्त्रिक गणतन्त्रप्रति आशा जागृत हुने हो । अन्यथा, 'विकल र सुनिल'हरू झैं र जगजमा दलहरू रमाउँदै जाँदा एक्लो 'अख्तियार'को पनि केही लाग्ने छैन ।

भ्रष्टाचार हुनै नदिने दायित्व राज्यको हो । तर, राज्य आफैं भ्रष्टाचार गर्ने ठाउँ खोजी खोजी हिँडेको भान हुन्छ, भ्रष्टाचारका सार्वजनिक घटनाक्रम हेर्दा । नेपालमा प्रजातन्त्र प्राप्तियता घटेका 'करोडौंदेखि अरबौं'सम्मका भ्रष्टाचारका घटनाको जरो मूलधारका दल र तिनका शीर्ष नेताहरुबाहेक बिरलै अन्यत्र गएको पाइन्छ । मूलधारका दलहरूले भ्रष्टाचारमा समेत राष्ट्रिय सहमति कायम गरी आफूहरू भने आजका मितिसम्म 'चोखिँदै र जोगिँदै' आएका छन् । एकदिन यस्तो समय आउन सक्छ, जुन दिन उनीहरू स्वयम् पनि भ्रष्टाचारको केसबाट उम्कन सक्ने छैनन् । किनकि 'विकल र सुनिल' भेटिने तर, उनीहरूका प्रमुख संरक्षक लामो समयसम्म नभेटिने स्थिति अवश्य पनि सँधै रहने छैन ।

एक अध्ययनले भन्छ, नेपालमा ३० प्रतिशत नीतिगत, २७ प्रतिशत प्रकृयागत र बाँकी स-साना तथा संस्थागत भ्रष्टाचार हुने देखाएको छ । नेपालमा भ्रष्टाचार नियन्त्रण गर्न ०४७ माघ २८ मा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको अनुसन्धान स्थापना भयो । भ्रष्टाचार नियन्त्रण गर्न २०५९ मा भ्रष्टाचार निवारण ऐन आयो । ऐनले आयोगलाई 'नीतिगत निर्णय' गरिएका विषयमा प्रवेश गर्न रोकेको छ । र, पछिल्ला सरकारहरूले ठूला आर्थिक चलखेलका 'केस'लाई मन्त्रिपरिषद्बाट निर्णय गराएर बच्दै आएका छन् । यसरी भ्रष्टाचार नियन्त्रण कसरी सम्भव होला ? झट्ट हेर्दा भ्रष्टाचार नियन्त्रण गर्न आयोग समेत असफल भएझैं देखिन्छ । तर, गहिराईमा गएर हेर्ने हो भने एकातिर मन्त्रिपरिषद्ले गरेको नीतिगत निर्णयमा प्रवेश नपाइने, अर्कातिर न्यायालयदेखि सेनासम्मका फर्केर हेर्नै नपाइने स्थिति सधैंभरि निरन्तर छ ।

त्यतिमात्र नभई संवैधानिक नियुक्ति पाएका '५२ जना' पदाधिकारी नियुक्ति नै असंवैधानिक तरिकाले भएको रिट अदालतमै विचाराधीन छ । यसले 'ठूला माछा'तिर आयोगले आँखा लगायो कि, 'महाअभियोग'को विषयले बजार ताती हाल्ने अवस्था विद्यमान छ । यही मनोवैज्ञानिक दबाबका बाबजुद पनि अदालतमा प्रवेश पाएका ठूला भ्रष्टाचारका घटनामा धमाधम उन्मुक्ति पाउनुले 'नेपाल बन्दैन' र नेपाल स्वयम् 'असफल राष्ट्र उन्मुख' छ भन्नेहरूका लागि दरिलो बल पुग्दै गएको देखिन्छ ।

तसर्थ, दलहरूले निर्वाचन प्रणाली समेत फेरेर एकल पार्टीकै बहुमत आउने र स्थीर सरकार बन्ने बाटोतर्फ संविधान संशोधनतिर जानु जरुरी छ ।

*(साभार: बाह्रखरी)*

# बैंकविना नै कर्जा लिन र दिन सकिने ‘पीटूपी प्लेटफर्म’ को तयारीमा राष्ट्र बैंक

काठमाडौं/बैंक तथा वित्तीय संस्थाको सहभागिताविना कर्जा लिनदिन सकिने वैकल्पिक वित्तीय स्रोतको अनलाइन प्लेटफर्म तयारीमा नेपाल राष्ट्र बैंक जुटेको छ । गत आर्थिक वर्ष २०७९/८० को मौद्रिक नीतिमा स्टार्टअप व्यवसायमा कर्जा पहुँच बढाउन वैकल्पिक वित्तका स्वरूप अध्ययन गर्ने जनाएको थियो ।

‘स्टार्टअप व्यवसायमा कर्जा पहुँच बढाउन वैकल्पिक वित्तका स्वरूप जस्तै ‘पियर टु पियर लेन्डिङ’ र ‘क्राउड फन्डिङ’ सम्बन्धमा अध्ययन गरिने छ,’ २०७९/८० को मौद्रिक नीतिमा थियो ।



मौद्रिक नीतिमा उल्लेख भएअनुसार केन्द्रीय बैंकले पहिलो चरणमा पियर टु पियर (पीटूपी) लेन्डिङ र क्राउड फन्डिङका लागि राष्ट्र बैंक आर्थिक अनुसन्धान विभाग प्रारम्भिक अध्ययनका रूपमा एउटा अवधारणापत्र अगाडि सारेको छ ।

बैंकभन्दा बाहिर रहेर वित्तीय कारोबार गर्न कसरी सकिन्छ भनेर अध्ययन गरिएको राष्ट्र बैंक आर्थिक अनुसन्धान विभाग प्रमुख डा. प्रकाशकुमार श्रेष्ठ बताउँछन् । ‘बैंकमा पहुँच नपुगेको वा पहुँच पुऱ्याउन नसकेका लगानी यो विकल्प हुन सक्छ,’ उनले भने, ‘दर्ता भएर डिजिटल माध्यमबाट मात्रै यसमा कर्जा लिन वा दिन सकिन्छ ।’

बैंक तथा वित्तीय संस्थाजस्तो प्रभावकारी नियमन गर्न नसकिने भएकाले केही बढी जोखिम भने हुने उनले बताए । केन्द्रीय बैंकले वित्तीय मध्यस्थतामा लाग्ने खर्च कम हुने र बैंकमा न्यून लागतमा निक्षेप राख्नुपर्ने बाध्यता भएका र बढी जोखिम लिन तयार लगानीकर्तालाई बैंक ब्याजभन्दा बढी प्रतिफल पाउने वैकल्पिक माध्यम हुन सक्ने उनले बताए ।

वित्तीय मध्यस्थता खर्च कटौती गर्ने तथा प्रविधिमा आधारित विश्वको पछिल्लो वैकल्पिक वित्त अभ्यास अनुशरण गर्न खोजेको हो । केन्द्रीय बैंकले पीटूपी र क्राउड फन्डिङका सन्दर्भमा अध्ययन गरेको हो । नेपालमा पीटूपी लेन्डिङका लागि पूर्वाधार बनाएर मात्रै अगाडि जान सकिने देखिएको श्रेष्ठ बताउँछन् । वित्तीय पहुँचका वैकल्पिक स्रोतले वित्तीय स्रोतमा छिटो पहुँच, वित्तीय सेवा फराकिलो दायरा प्रदान गर्ने राष्ट्र बैंकले जनाएको छ ।

त्यसमध्ये ‘वेबमा आधारित प्लेटफर्महरू’ पीटूपी एक हुन सक्ने राष्ट्र बैंकको अध्ययन प्रतिवेदनमा उल्लेख छ । ‘पीटूपी लेन्डिङले व्यक्ति र साना व्यवसायीलाई परम्परागत बैंक तथा वित्तीय संस्थामा भर नपरी ऋण लिन सहज बनाउँछ,’ प्रतिवेदनमा भनिएको छ । विश्वमा पीटूपी लेडिङ र क्राउड फन्डिङका विभिन्न मोडेल भए पनि ऋणमा आधारित र इक्विटीमा आधारित मोडेल बढी लोकप्रिय रहेको अध्ययन प्रतिवेदनमा छ ।

ऋणमा आधारित मोडेलमा पनि धेरै प्रकार छन् जसमा ‘बजार मा आधारित लेन्डिङ’, ‘ब्यालेन्ससिट लेन्डिङ’ र ‘बिजकमा आधारित लेन्डिङ’ बढी चलनमा छ । इक्विटी बेस मोडेलमा ‘इक्विटी बेस क्राउड फन्डिङ’, ‘रियल इस्टेट क्राउड फन्डिङ’ र नाफा वितरण गर्ने लगानी मोडेल रहेको राष्ट्र बैंकको अध्ययन प्रतिवेदनमा छ । जसमा पीटूपी प्लेटफर्मले ऋणमा आधारित मोडेलमा लेन्डिङ र क्राउड फन्डिङले इक्विटीमा आधारित मोडेलमा काम गर्ने गरेका छन् ।

नेपालमा ऋणमा आधारित मोडेल उपयुक्त हुन सक्ने समेत प्रतिवेदनमा छ । जसमा पनि ‘द फर्याक्सनल म्याचमेकिङ’ पीटूपी प्लान नेपालका लागि उपयुक्त हुन सक्ने अध्ययन समितिले जनाएको छ । यसले कोषलाई धेरैभन्दा धेरै विविधीकरण र लगानीकर्ताको जोखिम पनि कम गर्ने जनाएको छ । पीटूपी प्लेटफर्मले प्रदान गर्न वित्तीय पहुँच उत्पादनशील क्षेत्रमा लक्षित हुनुपर्ने समेत अध्ययन प्रतिवेदनमा छ । यसले स्टार्टअप र साना तथा मझौला उद्यम व्यवसाय केन्द्रित गर्ने अपेक्षा अध्ययन प्रतिवेदनमा छ ।

## विस्तृत अध्ययन आवश्यक

पीटूपी लेन्डिङ र क्राउड फन्डिङ प्लेटफर्म सुरु गर्नु अगाडि एउटा विस्तृत र बलियो अध्ययन आवश्यक रहको प्रतिवेदनमा छ । जसले नेपालमा प्रविधिको अवस्था, वित्तीय प्रणालीमा सूचनाको उपलब्धता र कानुनी ढाँचालगायत समस्या सम्बोधन गर्ने अध्ययन प्रतिवेदनमा उल्लेख छ ।

वित्तीय प्रविधिको तीव्र विकाससँगै पीटूपी लेन्डिङ र क्राउड फन्डिङजस्ता लगानीका वैकल्पिक उपाय पनि आएका छन् । जसले नियामकीय निकाय र वित्तीय संस्थाले पनि लगानीका वैकल्पिक औजारबारे सोच्नुपर्ने अवस्था बनाएको हो ।

नेपाल राष्ट्र बैंकका नीति पनि नगदरहित कारोबार र सोहीअनुसार इकोसिस्टम तयार गर्न केन्द्रित रहेको उल्लेख छ । पीटूपी प्लेटफर्म सञ्चालन गर्न प्रभावकारी नियमन तथा अनुगमन र बलियो सुपरीवेक्षणको आवश्यकता रहने समेत प्रतिवेदनमा छ ।

नेपालको सन्दर्भमा उक्त अनलाइन प्लेटफर्मबाट कर्जा लिन चाहने व्यक्तिको सूचना पर्याप्त उपलब्ध नहुने हुँदा जोखिम हुन सक्ने केन्द्रीय बैंकको अध्ययनले देखाएको छ ।

यस्ता वैकल्पिक माध्यम अहिले पनि प्रारम्भिक चरणमा नै रहेको र नियामकीय निकाय पनि यसमा अध्ययन गरिरहेको राष्ट्र बैंकले आफ्नो प्रतिवेदनमा समेटेको छ । चीन, मलेसिया, इन्डोनेसिया लगायतले पीटूपी लेन्डिङ र क्राउड फन्डिङका लागि उच्चस्तरको नीतिगत व्यवस्था गरेका छन् । फ्रान्स, इटाली र जमर्नी लगायतले यी प्लेटफर्ममा पनि बैंकिङ नीति नियमन नै लागु गरेको अध्ययन प्रतिवेदनमा उल्लेख छ । उदीयमान वित्तीय कारोबार प्रणालीमा नियमनबारे साझा सहमतिजस्तै रहेको उल्लेख छ ।

बैंकिङ पहुँच नभएको ग्रामीण क्षेत्रमा पीटूपी लेन्डिङ बढी प्रभावकारी सिद्ध भए पनि बैंकिङ पहुँच भएका सहरी क्षेत्रमा भने त्यसको प्रभाव न्यून भएको राष्ट्र बैंकको अध्ययन प्रतिवेदनमा उल्लेख छ ।

यी प्लेटफर्म वित्तीय संकट, उच्चस्तरको वित्तीय सेवा नपुगेका र बैंक तथा वित्तीय संस्थाको कमजोर पूँजी संरचना भएको क्षेत्रमा बढी प्रभावकारी हुन सक्नेसमेत प्रतिवेदनमा उल्लेख छ ।

पीटूपी प्लेटफर्म बैंक तथा वित्तीय संस्थाको तुलनामा बढी जोखिमपूर्ण रहेको समेत अध्ययन प्रतिवेदनमा उल्लेख छ । यस प्लेटफर्मले वित्तीय विवरणमा रहेको कर्जा जोखिम नलिने भएकाले पनि बैंक तथा वित्तीय संस्थाभन्दा बढी जोखिम रहेको उल्लेख छ ।

‘पीटूपी कम्पनीले ऋणीसँग वित्तीय कारोबारमा उच्च शुल्क र ब्याज लिने भएकाले उनीहरूले क्रेडिट रिस्क नलिने र उच्च जोखिम हुने हुन्छ,’ राष्ट्र बैंक अध्ययनमा छ ।

## ऋणी पहिचान र विवरणका लागि पनि डिजिटल पूर्वाधार आवश्यक

पीटूपी प्लेटफर्म पूर्णरूपमा कार्य गर्न र सञ्चालन गर्न केही पूर्वाधार भने आवश्यक रहेको अध्ययनमा औंल्याइएको छ । जसका लागि ‘क्रेडिट स्कोरिङ’। ‘क्रेडिट इतिहास’ सम्पत्ति स्वामित्व, ऋणीको हालको अवस्था, आय अनुपातमा ऋण सेवा, रोजगारी जानकारी र बैंक खाता संख्या पीटूपी प्लेटमर्फको प्रभावकारी कार्यन्वयनका लागि अत्यावश्यक रहेको केन्द्रीय बैंकको प्रतिवेदनमा छ ।

यी पूर्वाधार अहिलेसम्म नेपालको वित्तीय प्रणालीमा समेत प्रभावकारी प्रयोगमा आउन सकेको छैन । यी विवरणले पीटूपी लेन्डिङमा ऋणीको विश्वनीयता मूल्यांकन गर्न र जोखिम न्यूनीकरणमा सहयोग गर्ने अध्ययन प्रतिवेदनमा उल्लेख छ । यी सर्त पूरा नगरी पीटूपी प्लेटफर्म सञ्चालन गर्न जोखिम आउन सक्ने समेत उललेख छ । यी सर्त पूरा नभई पीटूपी प्लेटफर्म सञ्चालनले वित्तीय प्रणालीमै जोखिम आउन सक्ने समेत उल्लेख छ ।

पीटूपी प्लेटफर्मले वित्तीय समावेशीकरणलाई अझै विस्तार गर्न भूमिका खेल्न सक्ने अध्ययन प्रतिवेदनको निष्कर्ष देखिन्छ । ‘बैंक तथा वित्तीय संस्थाको वित्तीय सेवाको कमजोर पहुँच भएको ग्रामीण क्षेत्र र मध्यम तथा साना व्यवसायीको कर्जामा पहुँच पुग्न सक्छ,’ अध्ययन प्रतिवेदनमा छ ।

वित्तीय पूर्वाधार विकाससँगै व्यक्तिहरूको अलग-अलग वित्तीय र व्यक्तिगत जानकारीको सीमित उपलब्धताले भने पीटूपी प्लेटफर्मलाई जोखिममा पार्न सक्ने चुनौती प्रतिवेदनले औंल्याएको छ । सूचना र विवरण अभावले बैंक तथा वित्तीय संस्थाले ऋणका लागि अयोग्य मानेका ऋणीले पीटूपी र क्राउड फन्डिङ प्लेटफर्मबाट ऋणमा सहज पहुँच पाउने सम्भावना रहेको र त्यसले लगानीकर्तालाई नै जोखिममा पार्ने अवस्था हुन सक्ने अध्ययन प्रतिवेदनमा उल्लेख छ । यस्तो जोखिमबाट बच्न पीटूपी प्लेटफर्ममा ऋणका सर्त सोहीअनुसार नियम र वित्तीय पूर्वाधार आवश्यक रहेको उल्लेख छ । राष्ट्र बैंक आर्थिक अनुसन्धान विभाग प्रमुख डा. श्रेष्ठ परीक्षणका लागि कानुनी व्यवस्था, इजाजत दिने नीतिगत व्यवस्था र नियामकीय व्यवस्था बनाएर सञ्चालन गर्न सकिने बताउँछन् ।

तर, जोखिमपूर्ण वित्तीय औजार भएकाले यसमा विस्तृत अध्ययन भने आवश्यक रहेको उनले बताए । पीटूपी लेन्डिङ नेपालका लागि नयाँ भएकाले यस्तो वित्तीय मध्यस्थता सञ्चालनका लागि नियमन ढाँचा तयार गर्नुपर्ने अध्ययनले औंल्याएको छ । साथै, यस्तो खालको वित्तीय कारोबारमा ठगी, सम्पत्ति शुद्धीकरणको जोखिम पनि उत्तिकै हुने भएकाले नियामक चनाखो हुनुपर्ने उल्लेख छ । यसका लागि नियामकले लगानीकर्ताका लागि र ऋणीका लागि सीमा तोकेर चरणबद्ध रूपमा विकास गर्नुपर्ने हुन्छ ।

लगानीकर्तालाई वैकल्पिक लगानीका स्रोत व्यवस्थापन गर्न तथा प्रतिस्पर्धी बनाउन पनि यस्तो प्लेटफर्म विकास हुनुपर्ने प्रतिवेदनमा छ। उक्त प्लेटफर्म सञ्चालनका लागि आवश्यक कानुनी व्यवस्था गर्न केही ऐन नियम संशोधन गर्नुपर्ने प्रतिवेदनमा छ ।

त्यसैगरी पीटूपीको लाइसेन्सिङ पोलिसी पनि विकास गर्नुपर्छ । वित्तीय पूर्वाधार पनि विकास गर्नु आवश्यक रहेको अध्ययनले औंल्याएको छ । पीटूपीको प्रभावकारी कार्यान्वयनका लागि युनिक आइडेन्टिटी सहितको क्रेडिट स्कोरिङ प्रणाली विकास गर्नुपर्छ ।

तत्कालका लागि केन्द्रीय बैंकले आवश्यक कानुनी व्यवस्था गरेर केही अपरेटरलाई अनुमति दिन सक्ने छ । त्यसमा पनि कर्जा लिनेदिने सीमा निकै सानो राखेर अनुमति दिन सक्ने अध्ययनमा उल्लेख छ ।

उपयुक्त सफ्टवेयर प्रयोग मार्फत उक्त अनलाइन प्लेटफर्म सुरु गरेको खण्डमा थप वित्तीय पहुँच विस्तार हुने वित्तीय स्रोतका लागि तथा बैंक वित्तीय संस्थामाथिको निर्भरता घट्दै जाने राष्ट्र बैंक आर्थिक अनुसन्धान विभाग प्रमुख श्रेष्ठ बताउँछन् । लाइसेन्सिङ पोलिसी जारी गरी परिक्षण गर्दै गर्ने र विस्तृत अध्ययन पनि गर्नुपर्ने देखिएको भन्दै यसमा नेतृत्वले कसरी अगाडि लाने त्यसमा निर्भर रहने उनले बताए ।

अध्ययन प्रतिवेदनमा भने सुरुवाती चरणमा सानो आकारको कारोबारलाई अनुमति दिने र पछि पूर्णरूपमा सञ्चालन गर्न सक्ने प्रस्ताव गरिएको छ । यस्तो सेवा सुरु गरेको खण्डमा वित्तीय पहुँचभन्दा बाहिर रहेका एक तिहाइ नेपालीलाई समेट्न सकिने सम्भावना रहेको अध्ययनले औंल्याएको छ ।

*(स्रोत: अनलाइनखबर)*

# ‘म यस्तो गीत गाउँछु ३’मा सहकार्य गर्दैछन् पल र पूजा ?

काठमाडौं/कुनै बेला घनिष्ट मानिएका पूजा शर्मा र पल शाहबीच अहिले हार्दिक सम्बन्ध छैन । फिल्म ‘म यस्तो गीत गाउँछु २’ रिलिज हुँदा पल जेलमा थिए । त्यसबेला पूजाले पललाई सम्झिँदै हल-हल पुगेर आँसु झारेकी थिइन् । फिल्मको व्यापारमा त्यसले राम्रै फाइदा गऱ्यो । पललाई भेट्न उनी धेरैपटक जेल पनि पुगिन् । तर, पल जेलबाट रिहापछि भने उनीहरु एकअर्कासँग टाढा बनिरहेको देखिन्छ ।



पल र पूजाबीच सम्बन्ध विग्रिएको चर्चाबीच उनीहरुको फेरि फिलममा जोडी बाँधिन लागेको जानकारी प्राप्त भएको छ । निर्देशक सुदर्शन थापाले उनीहरुलाई लिएर ‘म यस्तो गीत गाउँछु ३’ बनाउन लागेको स्रोत बताउँछ । पल र पूजाले पनि काम गर्ने सहमति जनाइसकेको स्रोतको दाबी छ । त्यसो त यसका अघिल्ला दुईवटै श्रृंखलामा उनीहरुले जोडी भएर एकसाथ काम गरिसकेका छन् ।

‘म यस्तो गीत गाउँछु ३’मा सहकार्य हुने भएपछि पल र पूजा एकअर्कासँग फेरि नजिक बन्ने प्रयास गरिरहेको बताइन्छ । आइतबार पूजाले पलको अभिनय रहने फिल्म ‘पूजार सार्की’को पोस्टर सेअर गर्दै ‘मनपर्ने हिरो’ भन्दै प्रशंसा गर्नुले पनि उनीहरुको सम्बन्ध सुधारउन्मुख रहेको बुझाउँछ । पल र पूजाको निर्देशक थापासँग भने सुमधुर सम्बन्ध छ । दुवैको करिअर बचाउने नै सुदर्शन हुन् ।

‘प्रेमगीत’ जोडी प्रदीप खड्का र पूजालाई पनि फेरि एकपटक पर्दामा उतार्ने सोचमा निर्देशक थापा रहेको चर्चा छ । प्रदीपले अर्को वर्ष सुदर्शनको एउटा फिल्म काम गर्दैछन् । सम्भवत: त्यही फिलममा उनको पूजासँग सहकार्य हुने सम्भावना प्रवल छ । यो जोडी पुन: पर्दामा देखिँदा दर्शकका लागि पनि ठूलो ‘सरप्राइज’ हुनेछ । पल-पूजा र प्रदीप-पूजा नेपाली फिल्मका रुचाइएका जोडी हुन् ।

# ‘डिग्री माइला’पछि ‘दु:खी आत्मा’मा दयाहाङ र आँचलको जोडी

काठमाडौं/अभिनेता दयाहाङ राई र अभिनेत्री आँचल शर्माको दोस्रोपटक फिल्ममा सहकार्य हुने भएको छ । यसै साता ओखलढुंगामा फिल्म ‘डिग्री माइला’को छायांकन पूरा गरेका उनीहरुले अब निर्देशक तथा लेखक दीपेन्द्र लामाको नयाँ फिल्म ‘दु:खी आत्मा’मा काम गर्न लागेका हुन् । आइतबार निर्माण टिमले आँचलसँग कागजी सम्झौता गरेको छ । दयाहाङ भने यसअघि नै अनुबन्ध भैसकेका छन् ।



स्क्रिप्टको मागअनुसार आँचललाई फिलममा लिइएको निर्देशक लामाले जानकारी गराए । चलचित्र विकास बोर्डबाट निर्माण इजाजत लिँदा भने अभिनेत्रीमा मिरुना मगरको नाम राखिएको छ । दयाहाङ र मिरुनाले धेरै फिल्ममा काम गरिसकेकाले ‘दु:खी आत्मा’मा निर्देशक लामाले एउटै जोडी दोहोऱ्याउन नचाहेको देखिन्छ । ‘नाङ्गो गाउँ’ निर्माता हिमाल कडरियाले फिल्मको निर्माण गर्नेछन् ।

सामाजिक विषयवस्तुलाई कमेडी शैलीमा प्रस्तुत गर्न लागिएको फिल्मको यतिबेला स्क्रिप्ट लेखनको काम भैरहेको छ । आगामी चैत अन्तिम साताबाट छायांकन सुरु गरिने फिल्मलाई काठमाडौं आसपासमा खिचिने तयारी छ । फिल्मको वितरण आरआर फिल्म्सले गर्नेछ । ‘दु:खी आत्मा’पछि निर्माता कडरियाले दयाहाङ राई र आर्यन सिग्देललाई लिएर फिल्म ‘गाउँ नै रमाइलो’ निर्माण गर्दैछन् ।

# ‘दयारानी’ ट्रेलरमा नि:सन्तान दम्पतीको कथा

काठमाडौं/अभिनेता माओत्से गुरुङको डेब्यु निर्देशित फिल्म ‘दयारानी’को पारिवारिक कथामा आधारित ट्रेलर सार्वजनिक गरिएको छ । नि:सन्तान दम्पतीको कथामा केन्द्रित रहेको ट्रेलरमा दयाहाङ राईले आफू बाबु बन्न नसक्ने तथ्य लुकाएर त्यसको दोष श्रीमती (दीया पुन)लाई लगाउँछन् । त्यसपछि दीयाले दोस्रो विवाह गर्न दबाब दिएपछि उत्पन्न परिस्थितिलाई ट्रेलरमा रोचक र मर्मस्पर्शी शैलीमा देखाइएको छ ।



ट्रेलरको मध्यतिर एक युवतीले आफ्नो गर्भमा हुर्किरहेको बच्चाको बाबु दयाहाङ रहेको आरोप लगाउँछिन् । तर, दयाहाङले त्यो स्वीकार गर्दैनन् । एकातिर बाबु बन्न नसक्ने चिकित्सकको दाबी र अर्कोतिर एक युवतीले आफ्नो बच्चाको बाबु रहेको आरोप लगाएपछि देखिएको उतार-चढावमा ट्रेलर केन्द्रित छ । साढे २ मिनेटको ट्रेलरले फिल्मको दृश्यभाषा सशक्त रहेको संकेत गर्छ ।

फिल्ममा विजय बराल, प्रमिसा गुरुङ, पुस्कर गुरुङ, टिकाराम घले, शिरिषा कुँवर, नयन गुरुङ, सुर्य सुनार, राजेन्द्र थापा, सीतादेवी गुरुङ, क्रिष्टी गुरुङ लगायतको पनि अभिनय छ । शैलेन्द्र ध्वज कार्कीको छायांकन रहेको फिल्मको निर्मातामा मोहन गुरुङ, किरण गुरुङ, केन्द्र लिम्बु र न्यू आइटी भेन्चर छन् भने कार्यकारी निर्माता रामबाबु गुरुङ र अपिल विष्ट हुन् ।

नेपालमा प्रचण्डमान श्रेष्ठको कम्पनी टिफल्क फिल्मस् र विदेशमा सेभेन सिज इन्टरटेनमेन्टले वितरण गर्ने फिल्मको कास्टिङ डारेक्टर मणिराम पोखरेल हुन् । ‘दयारानी’ यही माघ २६ गतेबाट प्रदर्शनमा आउने तयारीमा छ ।

# सन्दीपले स्टारडमको दुरुपयोग गरेको अदालतको ठहर

काठमाडौं/जिल्ला अदालत काठमाडौंले क्रिकेटर सन्दीप लामिछानेले आफ्नो ख्याति (स्टारडम)को दुरुपयोग गरेर बलात्कार गरेको ठहर गरेको छ । न्यायाधीश शिशिर राज ढकालको इजलासले २५ पुस, २०८० मा गरेको फैसलाको पूर्णपाठमा क्रिकेट खेलेर बनाएको व्यक्तित्वको दुरुपयोग गरी पीडितको कमजोर अवस्थाको फाइदा उठाएको ठहर गरेको हो ।

जिल्ला अदालतले यो मुद्दाको फैसलाको पूर्णपाठमा बलात्कार भएको हो कि होइन र पीडित बालिग हुन् कि होइनन् भन्ने विवाद निरुपण गरेको छ । त्यस क्रममा सन्दीपलाई दोषी ठहर गर्दै ८ वर्ष कैद र ३ लाख रुपैयाँ जरिवानाको सजाय सुनाएको थियो ।

त्यस्तै पीडितलाई जरिवाना बराबरको ३ लाख र सन्दीपबाट थप २ लाख भराउने गरी ५ लाख रुपैयाँ क्षतिपूर्ति दिने फैसला पनि गरेको थियो ।

## “ख्यातिको दुरूपयोग भयो”

जिल्ला अदालतले असमान शक्ति सम्बन्धका कारण कमजोर व्यक्तिहरु सहजै विश्वासमा पर्ने भन्दै पीडित गौशाला-२६ माथि त्यही भएको ठहर गरेको छ ।

असमान शक्ति सम्बन्धमा कमजोर व्यक्तिहरु अर्कोप्रति सहज रुपमा विश्वासमा परेको एक नजिर उल्लेख गर्दै जिल्ला अदालतले कुनै क्षेत्र विशेषका ख्याति प्राप्त व्यक्ति र समर्थकबीच पनि यस्तो सम्बन्ध हुनसक्ने उल्लेख गरेको छ ।

‘यस्ता निर्बल व्यक्तिलाई अर्को पक्षले सहजै दुरुपयोग गर्नसक्ने हुँदा त्यस्ता व्यक्तिहरु यौन जोखिममा रहेका हुन्छन्’ फैसलामा भनिएको छ, ‘यसरी जोखिममा रहेका व्यक्तिसँग हुने यौनक्रियाका सम्बन्धमा मञ्जुरीको प्रश्न उठेमा असमान शक्ति सन्तुलनको दृष्टिकोणबाट हेरिनुपर्ने हुन्छ ।’ २०७९ भदौमा भएको उक्त घटनाको भोलिपल्ट पीडित गौशाला २६ सन्दीपको गाडीमा चढेर आफू बस्दै आएको होस्टेल फर्केकी थिइन् । त्यसको केही सातापछि उनीमाथि बलात्कार भएको भन्दै सन्दीपविरुद्ध प्रहरीमा जाहेरी परेको थियो ।

सन्दीपका कानुन व्यवसायीले सहमतिमा यौनसम्पर्क भएको, घटनास्थलमा गौशाला २६ बाट प्रतिवादका कुनै प्रमाण नभएको आदि कारण देखाएर बलात्कार भन्न नमिल्ने जिकिर गरेका थिए ।

जिल्ला अदालतले भने अनपेक्षित घटनामा पीडितले प्रतिकार गर्ने अवस्थै नहुने औंल्याएको छ ।

सोच्दै नसोचेको घटनामा सबैले एकै हिसाबले सुझबुझका साथ प्रतिक्रिया व्यक्त गर्नुपर्ने भन्ने अवस्था नहुने भन्दै जिल्ला अदालतले आफू एक्लो र असुरक्षित अवस्थामा यो घटनामा पीडितले गरेको प्रतिक्रियालाई स्वाभाविक मानेको छ ।

‘प्रतिकार नगरेकै कारणले अर्को पक्षको मञ्जुरी रहेको अनुमान गर्न मिल्दैन’ फैसलाको पूर्णपाठमा भनिएको छ, ‘एक पक्षले धम्की दिएको अवस्थामा अर्को पक्ष प्रतिकार गर्न नसकी समर्पण हुनसक्ने अवस्थालाई मञ्जुरी मान्न नहुने ।’

आर्थिक रुपमा कमजोर रहेको र आर्थिक भरथेगको आशामा पीडितले सन्दीपलाई भेटेको हुनसक्ने भन्दै जिल्ला अदालतले सन्दीपले त्यस्तो विश्वासको दुरुपयोग गरेको औंल्याएको छ । फैसलामा भनिएको छ, ‘बलात्कार मुद्दामा पीडित नै घटनाको आधारभूत गवाह भएको र अन्यथा नभएसम्म पीडितको भनाइ नै सर्वाधिक महत्वको प्रमाण हुने हुँदा पीडितले जबर्जस्ती गरेको भनेको अनि पीडित र प्रतिवादीको असमान हैसियत रहेको देखिएको अवस्थामा करणीको कार्यलाई मञ्जुरीमा भएको भन्न मिल्ने देखिएन ।’

## “करणी गर्ने मनसाय देखियो”

जिल्ला अदालतले यो घटनामा सन्दीपको करणी गर्ने मनसाय देखिएको ठहर गरेको छ । दिनभर नगरकोट घुमेको र बेलुका सिनामंगलस्थित होटल काठमाडौं इनमा ल्याएर राखेको र पीडित बसेकै कोठामा बस्नुले करणी गर्ने मनसाय देखिएको फैसलाको पूर्णपाठमा उल्लेख छ ।

‘सन्दीप घटनाको दिनको भोलिपल्ट विदेश जाने योजनामा रहेको देखिन्छ यस्तो अवस्थामा निजले पीडितलाई होटलमा लिएर जानु र आफूलाई तय गरिएको होटलमा नबसी पीडित बसेको कोठामा नै बसेको देखियो’ फैसलामा भनिएको छ, ‘प्रतिवादीको मनसाय पीडितसँग करणी गर्नु रहेको भन्ने अनुमान गर्न सकिन्छ । पीडितले प्रतिवादीलाई फसाउनुपर्ने सम्मको कुनै कारण पनि देखिँदैन ।’

पीडितले ‘सन्दीपले मलाई घरमा छाडिसक्यो’ भनी रुममेटलाई पठाएको म्यासेजलाई सन्दीपको निर्दोषिताको प्रमाण मान्न नसकिने पनि जिल्ला अदालतले उल्लेख गरेको छ ।

*(स्रोत: अनलाइनखबर)*

# प्यान नम्बर लिने करदाता ५९ लाख नाघे



काठमाडौं/नेपालमा स्थायी लेखा नम्बर (प्यान) लिने करदाता संख्या ५९ लाख नाघेको छ । अर्थ मन्त्रालयका अनुसार चालु आर्थिक वर्ष २०८०/८१ को पहिलो ६ महिना (पुस मसान्त) सम्म प्यान नम्बर लिनेको संख्या ५९ लाख १७ हजार ९ सय ६२ पुगेको छ ।

अघिल्लो आव २०७९/८० को अन्तिम (असार मसान्त) सम्म प्यान नम्बर लिने करदाता संख्या ५५ लाख ५४ हजार थियो । ६ महिनामा ३ लाख ६३ हजार ९ सय ३६ करदाताले प्यान नम्बर लिएको अर्थ मन्त्रालयले जनाएको छ ।

अर्थका अनुसार पुस मसान्तसम्म व्यावसायिक प्यान नम्बर लिनेको संख्या १९ लाख ३६ हजार ५ सय ८८ पुगेको छ । व्यक्तिगत प्यान नम्बर लिनेको संख्या ३९ लाख ५० हजार ३ सय ५ पुगेको छ । करकट्टी गर्ने निकायले लिएको प्यान नम्बर ३१ हजार ६९ पुगेको छ ।

पुस मसान्तसम्म मूल्य अभिवृद्धि कर (भ्याट) मा दर्ता हुने करदाता संख्या ३ लाख २२ हजार २ सय ६ पुगेको छ । असार मसान्तसम्म यो संख्या ३ लाख ८ हजार ४ सय ७७ थियो । अन्त:शुल्क दर्ता १ लाख २२ हजार ३ सय ७७ पुगेको छ । यो असार मसान्तमा १ लाख १६ हजार ६ सय ७५ थियो ।

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

*Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark*

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

**Printer Shop**

*The complete office solution*
*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*
*tonerhouse_htd@yahoo.com*

# वार्षिकोत्सव मनाउँदै रेडियो मकवानपुर

साझाकुरा संवाददाता

हेटौंडा, १५ माघ/ दिव्यतारा बहुउद्देश्यीय सहकारी संस्थाद्वारा सञ्चालित हेटौंडाकै पहिलो सामुदायिक रेडियो, रेडियो मकवानपुरले १४ औं वार्षिकोत्सव विविध सप्ताहव्यापी कार्यक्रमको आयोजना गरी मनाउने भएको छ ।

सहकारीको २६ औं स्थापना दिवस र रेडियोको १४ औं वार्षिकोत्सवमा अवसरमा सप्ताहव्यापी कार्यक्रमको आयोजना गर्न लागेको पत्रकार सम्मेलनमार्फत जानकारी दिइएको छ । मंगलबार सहिद दिवसको दिन सहिद विषयमा साहित्यकारसँग अन्तरक्रिया हुनेछ भने १७ गते हेटौंडा क्याम्पसलाई सेनेटरी प्याड हस्तान्तरण, १८ गते ओम बृद्धाश्रमलाई खाद्यान्न सहयोग, १९ र २० गते रेडियो मकवानपुर कप मिडियास्तरीय फुटसल प्रतियोगिता, २० गते मनहरी गाउँपालिका ५ मा निःशुल्क स्वास्थ्य शिविर, २१ गते बालमैत्री नगर निर्माणमा सरोकार वालाको भूमिका विषयक नगरस्तरीय वक्तृत्वकला हुने रेडियो मकवानपुर सञ्चालक समिति अध्यक्ष आनन्दराम पराजुलीले जानकारी दिए ।



फुट्सल प्रतियोगिताको विजेता र उपविजेता टिमले नगदसहित ट्रफी प्राप्त गर्नेछन् भने वक्तृत्वकलामा प्रथम, द्वितीय र तृतीय हुनेले क्रमशः नगद १० हजार, ६ हजार र ४ हजार रुपैयाँसहित प्रमाणपत्र प्राप्त गर्नेछन् । अन्तिम दिन २२ गते वार्षिकोत्सवको समापन तथा पुरस्कार वितरण कार्यक्रम हुनेछ । समाजमा विशेष योगदान पुर्‍याएका दुईजना व्यक्तिलाई जनही नगद १० हजार रुपैयाँ सहित सामुदायिक सम्मान प्रदान गरिने अध्यक्ष पराजुलीले बताए । रेडियोले वार्षिकोत्सवको अवसरमा दुईजनालाई सामुदायिक सम्मान र हरितालिका तीजको अवसरमा दुई महिलालाई जागरुक महिला सम्मान प्रदान गर्दै आएको छ ।

हरेक वर्ष सप्ताहव्यापी कार्यक्रमको आयोजना गरी वार्षिकोत्सव मनाउँदै आएको रेडियोले यस वर्ष पनि कार्यक्रमलाई निरन्तरता दिन लागेको रेडियोका स्टेसन म्यानेजर गणेशदर्पण अधिकारीले बताए । पत्रकार सम्मेलनमा दिव्यतारा सहकारीका सचिव ईश्वर पण्डित, कोषाध्यक्ष ज्ञानेन्द्र बर्तौला, कार्यसमिति सदस्य माधव न्यौपाने, रेडियो सञ्चालक समितिका सदस्य उत्सव ईटेनी, यतीराज सापकोटा, सहकारीका व्यवस्थापक रमेश कोइराला लगायतको आतिथ्यता थियो ।

# मनाइयो ६२ औं नर्सिङ्ग दिवस

साझाकुरा संवाददाता

हेटौंडा, १५ माघ/मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान नर्सिङ्ग विभागले बिभिन्न कार्यक्रमको आयोजना गर्दै ६२ औं नर्सिङ्ग दिवस हेटौंडामा मनाएको छ ।

प्रतिष्ठानमा रहेर अध्यापन गरिरहेका नर्सिङ्ग विद्यार्थी र अध्यापन गराउने शिक्षकसहितको समूहले अन्तरक्रिया तथा बादबिवाद प्रतियोगिता गर्दै दिवस मनाएका हुन् । नर्सिङ्गशिक्षामा पहिलो वर्ष अध्ययन गरिरहेका छात्राबीच 'नर्सहरु बिदेशिनु आवश्यकता कि बाध्यता' भन्ने बिषयमा बादबिवाद प्रतियोगिता सञ्चालन भएको प्रतिष्ठानका शिक्षिका लक्ष्मी पौडेलले जानकारी दिइन् ।

प्रतियोगितामा सहभागी ८ जना प्रतिष्पर्धीलाई पछाडि छोड्दै दिया पराजुली प्रथम, मुस्कान खातुन द्वितीय र रेश्मी न्यौपाने तृतीय भएका थिए । बादबिवादमा हेटौंडा अस्पताल सञ्चालन समितिका सदस्य उत्सब चौलागाईको संयोजकत्वमा गठन भएको ३ सदस्यीय निर्णायक मण्डलले निर्णय सुनाएको थियो ।

शिक्षाध्यक्ष प्राध्यापक डा. सुरेन्द्र शेरचनको अध्यक्षतामा भएको कार्यक्रममा प्रतिष्ठानका डिन दुर्गाकुमारी खड्का मिश्र, प्रतिष्ठानका बिभागीय प्रमुख, संघसस्थाका प्रमुख तथा प्रतिनिधिको उपस्थिति रहेको थियो । प्रतिष्ठानले आउँदो २८ गतेबाट दोश्रो चरणको नर्सिङ्ग कक्षा सञ्चालन गर्ने भएको छ ।

# गुन्द्रुक निर्यातका लागि अनुज्ञापत्र लिदै पदमपोखरीका महिला

साझाकुरा संवाददाता

हेटौंडा, १५ माघ/देश तथा बिदेशमा पनि सबैको चासोको तरकारीमा पर्ने गुन्द्रुकको व्यावसायिक उत्पादन हेटौंडामै थालिएको छ । नेपाली खानाको बिषेश परिकारमा पर्ने गुन्द्रुकको उत्पादन र बजारीकरणका लागि हेटौंडा-१२ को महिला कृषि समूह लागि परेको छ ।



हेटौंडा उपमहानगर पालिका-१२ मा रहेको कञ्चनगंगा कृषि सहकारीसँग आवद्ध रहेको कृषि महिला समूहले उत्पादन गरेको गुन्द्रुकको अनुज्ञापत्र लिने तयारी थालिएको छ । कञ्चनगंगा कृषि समूहले अनुज्ञापत्रका लागि प्रकृया अघि बढाइ सकेको छ । अब खाद्यपरीक्षण प्रयोगशालाबाट गुणस्तर मापन पछि बजारीकरणका लागि सहज हुने उपमहानगरपालिका उद्योग शाखाप्रमुख हिमप्रसाद पौडेलले बताए ।

गरिवी निवारणका लागि लघुउद्यम विकास कार्यक्रम (मेड्पा) अन्तरगत सञ्चालन भएको गुन्द्रुक उत्पादन गर्ने कार्यको नियमितरुपमा प्राविधिकको निरीक्षण तथा अनुगमन सहित थालिएको छ । हेटौंडा-१२ आँपधाप, घलेगाउँमा स्थानीय २० जना महिलाले समूह बनाएर कामलाई अघि बढाइरहेको शाखाप्रमुख पौडेलले बताए । अहिलेलाई १५ कठ्ठा क्षेत्रफलमा साग खेतीबाट सुरु गरिएको गुन्द्रुक उत्पादनलाई निरन्तरता दिँदै २१ कठ्ठासम्म साग लगाउने लक्ष्य राखिएको समूहका अध्यक्ष चिनिमाया गुरुङले बताइन् ।

प्रयाप्त सिंचाईको अभावका कारण बञ्जर रहेको जमिनमा सामान्य पानीको प्रयोगबाट साग लगाउँदै गुन्द्रकको उत्पादनमा लागेका छौं, उपमहानगरबाट तालिममा र उत्पादनपछि बजारीकरणमा सहयोगको प्रतिबद्धता भएसँगै उत्पादनमा जोडिएको उनले बताइन् । उत्पादन भएको केही गुन्द्रुक बिक्रीका लागि थालनी भएको छ । गुणस्तरीय बनाउँनका लागि प्राबिधिक आएर गाउँमै सिकाउने भएकाले बिस्तारै बजारीकरणमा सहज हुने आश रहेको अध्यक्ष गुरुङले बताइन् । उत्पादन भएको केही गुन्द्रुक परीक्षणका लागि हामीले प्रयोग गरेका छौं, अहिलेलाई स्वाद र गुणस्तरमा त्यस्तो समस्या देखिएको छैन, बजार पठाउँने कुरामा थप सर्तकता अपनाएर पठाउने उनले बताइन् ।

नगरक्षेत्र भित्रै रहेर महिलाले गरिरहेका कामको अनुगमन गर्न पुगेकी उपमहानगर पलिका नगरप्रमुख मीनाकुमारी लामाले बजारीकरण भन्दा पनि गुणस्तरमा ध्यान दिन आग्रह गरिन् । गुणस्तरीय उत्पादन भए व्यापारी गाउँसम्म लिन आउँने भन्दै कसरी गुणस्तरीय बनाउँने हो त्यो सोच्न जरुरी छ । बिश्वका घेरै देशले गुन्द्रुकको उत्पादन र बिक्री गर्दै आएका छन् हामीले बाहृय मुलुक हैन स्थानीय बजारमै आफ्नो उत्पादन बिक्री गर्न सके आर्थिक उपार्जनमा सहयोग पुग्ने उनको भनाई थियो । अहिले बजारमा सबै आवश्यक सामग्री पाइन्छ भनेर जमिन बाँझो राख्ने कार्यले आर्थिकरुपमा कम्जोर बनाउँदै लगेको नगरप्रमुख लामाको भनाई थियो ।

अनुगमनसँगै गरिबी निवारणका लागि लघुउद्यम विकास कार्यक्रम (मेडपा) वडास्तरीय अभिमूखीकरण तथा पिआरए कार्यक्रम सञ्चालन गरेको छ । हेटौंडा-१२ आँपधापमा नगरप्रमुख लामाको प्रमुख आतिथ्यतामा भएको कार्यक्रममा कञ्चनगंगा कृषि समूहका सदस्यको सहभागिता थियो । कार्यवाहक वडाअध्यक्ष महेश भट्टराईको अध्यक्षतामा भएको कार्यक्रममा जिल्ला समन्वय समितिका सदस्य तारा ढुङ्गाना, १२ नम्बर वडासदस्य गीता परियार, उपमहानगरपालिका उद्योग शाखाप्रमुख पौडेल, महिला उद्यमी गीता कडरीया मैनाली, समूहका अध्यक्ष चिनिमाया गुरुङको सहभागिता रहेको थियो ।

# जिल्लाका सबै वडामा सरसफाइ कार्यक्रम गर्दै कांग्रेस



साझाकुरा संवाददाता

हेटौंडा, १५ माघ/ नेपाली कांग्रेस मकवानपुरले आज मंगलबार माघ १६ गते सहिद दिवसको अवसरमा जिल्लाका सबै वडामा सर सफाइ कार्यक्रमको आयोजना गर्ने भएको छ ।

कांग्रेस मकवानपुरले 'समुदायमा कांग्रेस' अभियानअन्तर्गत जिल्लाको सबै वडामा सरसफाइ कार्यक्रम गर्ने निर्णय गरेको जिल्ला सचिव भीमसेन महतले जानकारी दिए । जसअनुसार, भोलि बिहान ८ बजे हेटौंडा-१६, हटियास्थित मन्दिर सरसफाई, हेटौंडा-६, चौघडा विपि गणेशपार्क सरसफाई, हेटौंडा-१७, राजदेवी मन्दिर सरसफाई, हेटौंडा-१५ नम्वर वडामा सरसफाई, हेटौंडा १३, स्थित गुम्बामा सरसफाई कार्यक्रमको आयोजना गरिने भएको हो ।

यस्तै, बैठकले माघ १७ गते भीमफेदी गाउँपालिका वडा नम्वर १ सानुटार र हेटौंडा-११ मा पनि सरसफाइ कार्यक्रमको आयोजना गर्ने निर्णय गरेको हो । कांग्रेसको अभियान माघ २६ गतेसम्म सञ्चालन हुनेछ । सो अवधिमा समुदायस्तरमा प्रत्यक्ष साक्षात्कार भई स्थानीय तहबाट हुने सेवा प्रवाह, विकास निर्माणको अवलोकन तथा आमनागरिकका गुनासा र सुझावलाई वडास्तरबाटै कार्यान्वयन गराउन पहलकदमी गरिनेछ ।

कांग्रेस मकवानपुरले पार्टीका विभिन्न जिम्मेवारीमा रहेका व्यक्तिहरु तथा समग्र कार्यकर्तालाई अभियानमा सक्रिय सहभागी हुन समेत आग्रह गरेको छ । पार्टीका केन्द्रदेखि वडा तहसम्मका पदाधिकारी एवम् सदस्य, विभिन्न भ्रातृ संगठन तथा शुभेच्छुक संस्थामा आबद्ध केन्द्रदेखि स्थानीय तहसम्मका प्रतिनिधिलाई एकसाथ परिचालन गरी यो कार्यक्रम देशैभर भइरहेको छ ।

# समितिका अध्यक्ष र सदस्यले बुझे नियुक्तिपत्र

साझाकुरा संवाददाता

हेटौंडा, १५ माघ/ बागमती प्रदेश सरकारले सहकारीको विद्यमान समस्या व्यवस्थापनका लागि समस्याग्रस्त सहकारी संस्थाको व्यवस्थापनका समितिका सदस्यले सोमबार नियुक्तिपत्र बुझेका छन् ।

गत पुस २२ गते बसेको मन्त्रिपरिषद् बैठकले समस्याग्रस्त सहकारी संस्थाको व्यवस्थापनका लागि ३ सदस्यीय समिति गठन गरेको थियो । संस्कृति पर्यटन तथा सहकारी मन्त्रालयको प्रस्तावमा मन्त्रिपरिषद् बैठकले काठमाडौं महानगरपालिका-३१ का प्रशान्त अधिकारीको अध्यक्षतामा समिति गठन गरेको थियो । समितिको सदस्यहरुमा काठमाडौं महानगर पालिका-४ का यज्ञनाथ दाहाल र मकवानपुरगढी गाउँपालिका-५ का यतीराज सापकोटा रहेका थिए ।



अध्यक्ष अधिकारी र सदस्यद्वय दाहाल र सापकोटाले सोमबार नियुक्तिपत्र बुझेका हुन् । मन्त्रालयमा भएको एक कार्यक्रमबीच मन्त्री पुकार महर्जनले तीनैजनालाई नियुक्तिपत्र प्रदान गरेका थिए । कार्यक्रममा मन्त्री महर्जन सहित प्रदेश सहकारी वोर्डका कार्यकारी उपाध्यक्ष नारायणप्रसाद देवकोटा लगायत मन्त्रालयका कर्मचारी उपस्थित थिए ।

# बजेट खर्चमा अर्थ मन्त्रालय नै कमजोर

## ६ महिनामा १० प्रतिशत मात्र

काठमाडौं, १५ माघ/ कमजोर बजेट खर्चमा विकासे मन्त्रालयहरूलाई दोष दिँदै आएको अर्थ मन्त्रालय नै आफ्नो बजेट खर्चमा भने दयनीय अवस्थामा देखिएको छ । मन्त्रालयले चालु आर्थिक वर्ष २०८०/८१ को पहिलो ६ महिनामा कुल विनियोजनको १०.०५ प्रतिशत मात्र बजेट खर्च गर्न सकेको छ ।

चालु आर्थिक वर्ष अर्थ मन्त्रालय र मातहतका निकायका लागि ४० अर्ब ४५ करोड ४१ लाख रुपैयाँ विनियोजन गरिएको छ । त्यसमध्ये पुस मसान्तसम्म ४ अर्ब ६ करोड ४४ लाखमात्र खर्च भएको हो । यसरी मन्त्रालयको खर्च कम देखिनुमा आर्थिक पुनरुत्थान, राहत तथा सहुलियत कार्यक्रम र मिलेनियम च्यालेन्ज एकाउन्ट (एमसीए) नेपालको सबैभन्दा ठूलो हात छ ।

आर्थिक पुनरुत्थान, राहत तथा सहुलियत कार्यक्रमका लागि यस वर्ष २१ अर्ब १४ करोड विनियोजन भएको छ । तर, ६ महिनामा यो शीर्षकबाट एक पैसा पनि खर्च भएको छैन । एमसीए नेपाललाई यसपालि १० अर्ब ८४ करोड १७ लाख रुपैयाँ विनियोजन गरिएको छ । तर, ६ महिनामा ५ करोडमात्र खर्च भएको छ । यी दुई कार्यक्रम/आयोजनाका कारण मन्त्रालयको खर्च प्रतिशत निकै कम देखिएको हो ।

कुल बजेट खर्च भने ६ महिनामा ३२.७५ प्रतिशत पुगेको छ । यो गत आर्थिक वर्ष २०७९/८० को तुलनामा ०.६२ प्रतिशत मात्र धेरै हो । यो वर्ष सरकारले १७ खर्ब ५१ अर्ब ३१ करोड रुपैयाँ बराबर बजेट कार्यान्वयन गरिरहेको छ । खर्च भने पुस मसान्तसम्म ५ खर्ब ७३ अर्ब ६३ करोडमात्र भएको छ ।

त्यसमध्ये चालु खर्च ४ खर्ब ४३ अर्ब ४ करोड, पुँजीगत खर्च ५० अर्ब ४४ करोड र वित्तीय व्यवस्थातर्फको खर्च ८० अर्ब १३ करोड छ । यो कुल विनियोजनको तुलनामा क्रमशः ३८.७७, १४.४३ र २७.१६ प्रतिशत मात्र हो ।


## निर्माण व्यवसायी संघ मकवानपुरको
## साधारणसभा सम्बन्धी सूचना

यस निर्माण व्यवसायी संघ मकवानपुरको २४ औं वार्षिक साधारण सभा मिति २०८० माघ २० गते राखिएको जानकारी गराउन चाहान्छौ । साथै जानकारी नपाउनु भएका सम्पूर्ण निर्माण व्यवसायी ज्युहरुलाई यसै सूचनाको आधारमा कार्यक्रममा उपस्थित भइदिनुहुन हार्दिक अनुरोध गर्दछौं ।

**कार्यक्रम** :-
मिती : २०८० माघ २० गते
समय : बिहान ८.०० बजे
स्थान : मोटल एभोकाडो एण्ड आर्किड रिर्सोट, हेटौंडा २

राजेन्द्र प्रसाद चौलागाईं
महासचिव
**निर्माण व्यवसायी संघ मकवानपुर**

## ड्राइभिङ्ग सिक्ने तयारीमा हुनुहुन्छ ?
## अब निराश नहुनुहोस्...

हामी कहाँ जतिसुकै नजान्ने भएपनि दक्ष तथा अनुभवी प्रशिक्षकद्वारा गाडी सिकाइनुका साथै लाइसेन्स परीक्षा र ट्रायल सहजै पास गर्न सक्ने गरी ड्राइभिङ्ग प्रशिक्षण दिइन्छ ।




**हाम्रा विशेषताहरू:**
- अनलाइन फर्म भर्ने सुविधा ।
- रोड टेस्ट गराइन्छ ।
- दक्ष प्रशिक्षकहरुद्वारा प्रशिक्षण ।
- लाइसेन्स ट्रायलको प्राविधिक ज्ञान दिइन्छ ।
- गाडीको पार्टपूर्जासम्बन्धी सम्पूर्ण ज्ञान दिइन्छ ।

**के. के. ड्राइभिङ्ग प्रशिक्षण केन्द्र**
हेटौंडा-५, पिप्ले, मकवानपुर
सम्पर्कः ९८४५१७९४१५, ९८१७२८४६१४, ९८४५६२३५६९

## हेटौंडामै उत्पादित
# सुदिन ड्राइमिट






**Ready To Eat**

**हाम्रा विशेषताहरू:**
- ग्याँस ओभनबाट उत्पादन गरिने ।
- हानिकारक धुवाँको असर नहुने ।
- १२ प्रकारका घरायसी मसलायुक्त ।
- तत्काल खान मिल्ने ।
- खाद्य सुरक्षणको लागि केमिकल (Preservative) प्रयोग नभएको ।

**सुदिन प्याकेजिङ्ग उद्योग**
हेटौंडा-४, मकवानपुर
९८४५२६२५२२, ९८५५०७२६२३


साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादकः **सरला खनाल**, कार्यालय/मुद्रणः हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रणः** सफल छापाखाना